सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ फागुन २०८०, बुधबार (21 Feb 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३०३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

नेपाली नागरिकलाई सिमकार्ड दिन भारत तयार

काठमाडौं/ भारतमा नेपाली नागरिकले नेपाली कागजातका आधारमा मोबाइल सिमकार्ड खरिद गर्न पाउने भएका छन् । नेपाली नागरिकता, राहदानी वा निर्वाचन परिचयपत्रका आधारमा सिमकार्ड उपलब्ध हुने भारतको सूचना मन्त्रालयअन्तर्गतको सूचना विभागले जानकारी दिएको छ ।

'अब नेपाली नागरिकले भारतमा सिमकार्ड लिन पाउनेछन् । उपचारदेखि अध्ययन र तीर्थाटन गर्न आउने नेपालीले सामना गर्दै आएको समस्या अब समाधान भएको छ,' भारतका लागि नेपाली राजदूत डा. शंकरप्रसाद शर्माले भने, 'पासपोर्ट, नागरिकता वा निर्वाचन परिचयपत्रमध्ये एउटा कागजका आधारमा नेपाली नागरिकले अब सिमकार्ड प्राप्त गर्ने सुनिश्चित भयो । यसको कार्यान्वयन गर्न एक साताजति समय लाग्छ भन्ने जानकारी आएको छ ।'

कर्नर किक

● रवि मिश्र



■ चुनावी गठबन्धनबारे महामन्त्रीद्वयका फरक-फरक प्रस्ताव

विवादित मुद्दामा बैठकको म्यान्डेट निर्णायक

चार समूह बनाएर २२ सय प्रतिनिधिले गर्दै छन् पाँच प्रतिवेदनमाथि छलफल, ०८४ को निर्वाचनमा गठबन्धन गर्ने/नगर्नेलगायतका विवादित विषयमा बैठकको सुझावका आधारमा महासमितिले स्वामित्व लिने गरी केन्द्रीय समितिबाट निर्णय गरिने

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

ठूलो रस्साकस्सीपछि 'निर्वाचनमा गठबन्धन नगर्ने' महामन्त्री गगन थापाको प्रस्तावले कांग्रेस महासमिति बैठकमा प्रवेश पाएको छ । अर्का महामन्त्री विश्वप्रकाश शर्माले भने 'तत्कालीन आवश्यकताका आधारमा गठबन्धनबारे निर्णयमा पुग्नुपर्ने' प्रस्ताव गरेका छन् । यी दुईसँगै मंगलबार अन्य तीन प्रतिवेदन पनि बैठकमा पेस भएका छन् । समूहगत छलफलबाट आएका सुझावका आधारमा प्रतिवेदन मारिमार्जनसहित पारित गरिनेछन् ।

ठूलो दल कांग्रेसको सम्पत्ति साढे नौ करोड

विवादित विषयमा मध्यमार्गी विकल्पसहित बैठकको दोस्रो दिन मात्रै प्रतिवेदनहरू पेस भएका हुन् । नेताहरूका अनुसार बैठकमा प्रस्तावहरूमाथि पर्याप्त छलफल हुनेछ र आएका सुझाव समावेश गरेर बैठक सम्पन्न गरिनेछ । विवादित विषयमा भने प्राप्त सुझावका आधारमा केन्द्रीय समितिले निर्णय लिनेछ, जसको स्वामित्व भने महासमिति बैठकको हुनेछ ।

बैठकमा उपसभापति पूर्णबहादुर खड्काले नीतिगत, महामन्त्री थापाले संगठनात्मक, अर्का महामन्त्री शर्माले समसामयिक राजनीतिक, अर्थमन्त्रीसमेत रहेका प्रवक्ता प्रकाशरण महतले नेपालको वर्तमान आर्थिक अवस्था, सम्भावना र भावी दिशासम्बन्धी प्रतिवेदन र लेखा समिति संयोजक श्यामकुमार घिमिरेले लेखापरीक्षण प्रतिवेदन पेस गरेका छन् । प्रतिवेदनमाथि चार समूहमा छुट्टाछुट्टै छलफल हुनेछ । १० फागुनसम्म चल्ने बैठकमा देश-विदेशबाट गरी करिब २२ सय महासमिति सदस्य सहभागी छन् ।

प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार पहिलो समूहमा कर्णाली र मधेश प्रदेश, दोस्रो समूहमा कोशी र सुदूरपश्चिम प्रदेश, तेस्रो समूहमा

» पृष्ठ २ मा क्रमशः



■ ०८४ मा गठबन्धन गर्ने/नगर्नेबारे दुई महामन्त्रीका प्रस्ताव



● **गगन थापाको प्रस्ताव–** हामी भविष्यमा हुने आवधिक निर्वाचनहरू आफ्नै ताकतमा एक्लै लड्नेछौं र हाम्रा मतदातालाई नेपाली कांग्रेसको चुनाव चिह्न 'रुख'मा नै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्नेछौं । हाम्रो आफ्नै संगठनलाई थप ऊर्जाशील बनाउँदै आमजनताको मत र विश्वास बढाएर नेपाली कांग्रेसले एक्लै बहुमत ल्याउन सक्ने पार्टीका रूपमा पुनः स्थापित गर्नेछौं ।



● **विश्वप्रकाश शर्माको प्रस्ताव–** 'निर्वाचन आउनुभन्दा चार वर्षअघि नै निर्वाचनबारे छलफल गर्नु खासै आवश्यक विषय होइन । त्यसैले, आगामी निर्वाचनमा पनि गठबन्धन गरेर हामी जानेछौं या तीनवटै तहको सम्पूर्ण स्थानमा कांग्रेस उम्मेदवार खडा गर्नेछौं । यो विषयमा हामीभित्र रहेका स्वाभाविक दुई थरी मतलाई सुरक्षित राखेर उपयुक्त समयमा उपयुक्त निर्णयमा पुग्नेछौं ।

■ कसरी हुन्छ विवादको निरूपण ?



● **मीन विश्वकर्मा,** प्रचार विभाग प्रमुख

सहमतिकै आधारमा प्रस्ताव पेस भएका हुन् । महामन्त्रीद्वयको प्रस्तावको आशय उस्तै नै हो । भोटिङमा नलानकै लागि सहमति गरेका हौं । बैठकमा पर्याप्त छलफल हुन्छ, त्यहाँ आउने सुझाव समावेश गरेर महासमिति बैठक सम्पन्न गर्छौं । केन्द्रीय समितिले पारित गरेको प्रस्ताव केन्द्रीय समितिबाटै निर्णय दिन्छौं । निर्णयको स्वामित्व महासमिति बैठकके हुनेछ ।



● **बद्री पाण्डे,** सहमहामन्त्री

महामन्त्रीद्वयका प्रस्तावमा धेरै मतभेद छैन । एक-अर्कामा जोडिएका छन्, आशय उही नै हो । महासमितिले सुझावसहित पारित गरेका विषय केन्द्रीय समिति बैठकले आवश्यक छलफल गरेर निर्णयको रूप दिनेछ ।

■ तीन पदाधिकारीका प्रस्ताव

संविधान संशोधनमा लचक



कांग्रेस महासमिति बैठकमा संविधान संशोधनमा लचक रहने प्रस्तावले प्रवेश पाएको छ । उपसभापति पूर्णबहादुर खड्काको नीतिगत प्रस्तावमा भनिएको छ, 'संविधानलाई गतिशील दस्ताबेजका रूपमा हृदयंगम गर्दछ । संविधानको आधारभूत रचनामा प्रतिकूल असर नपर्ने गरी आवश्यकताअनुसार संविधान संशोधनप्रति नेपाली कांग्रेस खुला छ ।' साथै उनको प्रस्तावमा संघीयतालाई प्रभावकारी बनाउन संविधानमा व्यवस्था गरिएको भूमिकाअनुसार काम गर्नुपर्ने प्रस्ताव छ । यसैगरी, सम्पत्ति शुद्धीकरण ऐन तथा राजस्व अनुसन्धानसँग सम्बन्धित नीति, नियम, ऐन-कानुनको समीक्षा र पुनर्संरचना गर्ने नीति अख्तियार गर्नुपर्ने प्रस्ताव छ । उनको प्रतिवेदनमा कांग्रेसले सक्नेलाई सशुल्क : नसक्नेलाई निःशुल्कको नीति लिनुपर्ने प्रस्ताव पनि छ ।

उम्मेदवार छनोटमा 'प्राइमरी इलेक्सन'

महामन्त्री गगन थापाले सबै तहका उम्मेदवार छनोट गर्दा प्राइमरी इलेक्सन गर्ने प्रस्ताव गरेका छन् । महामन्त्री थापाले सांगठनिक सुधार र कार्ययोजनाका २० बुँदा प्रस्ताव गर्दै हालको विधि प्रक्रियालाई परिवर्तन गरी क्रियाशील सदस्यको मतदानबाटै उम्मेदवार चयन गर्ने व्यवस्था गर्नेलगायतका प्रस्ताव गरेका छन् । उनले संसदीय उम्मेदवार छनोट गर्दा पनि सम्बन्धित क्षेत्रका क्रियाशील सदस्यको प्रत्यक्ष मतदानबाट टुंग्याउन प्रस्ताव गरेका छन् । साथै समानुपातिकतर्फका उम्मेदवार छनोट गर्दा निश्चित मापदण्ड नै बनाउन प्रस्ताव गरेका छन् । साथै उनले दलहरूलाई मतभारको आधारमा राज्यले नै कोष उपलब्ध गराउने व्यवस्थाका लागि पहल गर्ने प्रस्तावसमेत समेटेका छन् ।

संवैधानिक पदमा निश्चित कार्यकाल

महामन्त्री विश्वप्रकाश शर्माले राष्ट्रपतिमा एक कार्यकाल, प्रधानमन्त्री दुई, मन्त्री तीन र सांसद चार कार्यकाल मात्र हुने गरी शासन प्रणालीमा रूपान्तरणको प्रस्ताव गरेका छन् । 'राष्ट्रपति पदको शपथग्रहण केवल एकपटक, प्रधानमन्त्री बढीमा दुईपटक, मन्त्री तीन र सांसदको शपथ अधिकतम चारपटक । कांग्रेसले यो पद्धति अनुशरण आफूले गर्नेछ र संवैधानिक बन्दोबस्तका लागि प्रस्ताव गर्नेछ,' उनको प्रस्तावमा छ । साथै, प्रदेशमा मुख्यमन्त्री बढीमा दुईपटक, मन्त्री तीन र प्रदेश सभा सदस्य चारपटकभन्दा बढी हुन नपाउने उनको प्रस्ताव छ ।



नेपाललाई साढे ६६ अर्ब रुपैयाँ सहयोग दिने बेलायतको घोषणा

नयाँ पत्रिका

बेलायतले नेपाललाई आगामी ६ वर्षभित्र ६६ अर्ब ६० करोड रुपैयाँ (४० करोड पाउन्ड) अनुदान दिने भएको छ । बेलायतले नयाँ विकास पोर्टफोलियो घोषणा गर्दै सन् २०३० सम्म उक्त सहयोग दिने जनाएको हो ।

बेलायतका विकास तथा अफ्रिका मामिला हेर्ने मन्त्री एन्ड्रयु मिचेलको दुईदिने (सोमबार र मंगलबार) नेपाल भ्रमणका क्रममा यस्तो सम्झौतामा हस्ताक्षर भएको छ । अर्थमन्त्री डा. प्रकाशशरण महत र मन्त्री मिचेलको उपस्थितिमा अनुदान सहायतासम्बन्धी सम्झौतामा नेपाल र बेलायतबीच मंगलबार हस्ताक्षर भएको छ ।

'नयाँ युके डेभलपमेन्ट पोर्टफोलियोले नेपाललाई जलवायु संकटसँग जुध्न, विकासका लागि अन्तर्राष्ट्रिय वित्त परिचालन गर्न, आर्थिक रूपान्तरण गर्न र सुशासन तथा समावेशीकरणमा सहयोग पुऱ्याउनेछ,' बेलायती राजदूतावासद्वारा

» पृष्ठ २ मा क्रमशः



प्रधानमन्त्री प्रचण्ड र बेलायतका विकास तथा अफ्रिका मामिला हेर्ने मन्त्री एन्ड्रयु मिचेलबीच बालुवाटारमा भेटवार्ता । सहयोग रकमबाट १३ हजार पाँच सय रोजगारी सिर्जना हुने तथा थप एक अर्ब डलर लगानी आकर्षित गर्ने विश्वास लिइएको छ । त्यस्तै, २० लाख महिला र बालबालिकालाई गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच स्थापनाका लागि सहयोगीसिद्ध हुने बेलायती दूतावासले जनाएको छ ।



■ सम्बन्धविच्छेदमा काठमाडौं जिल्ला अदालतको फैसला

स्वतन्त्रतापूर्वक जिउने इच्छा भयो भन्दैमा सम्बन्धविच्छेद गर्न पाइँदैन

शिल्पा कर्ण/नयाँ पत्रिका

जिल्ला अदालत काठमाडौंले स्वतन्त्रतापूर्वक जिउने इच्छा भयो भन्दैमा सम्बन्धविच्छेद गर्न नपाइने फैसला गरेको छ । धादिङकी एक महिलाले हालेको सम्बन्धविच्छेदको मुद्दामा गत जेठमै भएको फैसलाको हालै सार्वजनिक पूर्णपाठमा यस्तो व्याख्या गरेको हो ।

हाल काठमाडौंको नागार्जुन नगरपालिका बस्दै आएकी २९ वर्षीया ती महिलाले गत वर्ष १९ मंसिरमा ३० वर्षीय श्रीमानसँग अंश नलिई तथा मानाचामलसमेत नभराई छुट्टै बस्न चाहेकाले सम्बन्धविच्छेद गरिपाऊँ भन्दै फिराद दर्ता गराएकी थिइन् । बैतडीका युवकसँग सामाजिक परम्पराअनुसार ०७६ मंसिरमा विवाह गरेकी उनी चार वर्षपछि सम्बन्धविच्छेद गर्न पाउनुपर्ने मागसहित अदालत पुगेकी थिइन् । उनीहरूबाट सन्तानको जायजन्म भएको छैन ।

■ फैसलाको मूल सन्देश

- विवाह लहड, रहर र इच्छाले टुट्न सक्ने कमजोर सम्बन्ध नबनोस् भन्ने विधायिकाको उद्देश्य हो
- सम्बन्धविच्छेद सहज बनाउने हो भने व्यक्ति आफूबाहेक कोहीप्रति जिम्मेवार रहँदैन



श्रीमान्ले केही समययता साबिक व्यवहारमा परिवर्तन ल्याएको तथा सामान्य विषयमा समेत मनमुटाव सुरु भएको दाबी युवतीको थियो । साथै, भावनात्मक रूपमा आफूहरू एक-अर्काबाट टाढिँदै गएकाले आफूहरू श्रीमान्-श्रीमतीका रूपमा रहिरहन नसक्ने भएका कारणसमेत स्वतन्त्र जीवन बिताउन चाहेको उनको फिरादपत्रमा थियो । उनले अंश र मानाचामल नलिई केवल आफू श्रीमान्सँग छुट्टिन चाहेकाले सम्बन्धविच्छेदको फिराद लिई आएको उल्लेख गरेकी थिइन् । तर, उनका श्रीमान्ले भने आफूले श्रीमतीलाई कहिल्यै कडा वचन नबोलेको र सम्बन्धविच्छेद गर्न नचाहेको जवाफ अदालतलाई दिएका थिए । पति-पत्नी भई बसिसकेपछि घर-व्यवहार चलाउने क्रममा केही तीता-मिठा शब्द निस्किए पनि सम्बन्धविच्छेद गर्नुपर्नेसम्मको कुनै

» पृष्ठ २ मा क्रमशः

१९ देशका ११२५ सैनिक सहभागी 'अभ्यास- शान्ति प्रयास ४' काठमाडौंमा सुरु

नयाँ पत्रिका

नेपाली सेनाको आयोजनामा शान्ति स्थापनासम्बन्धी बहुराष्ट्रिय अभ्यास शान्ति प्रयासको चौथो संस्करण मंगलबार सुरु भएको छ। नेपालसमेत १९ देशका ११२५ जना सैनिक यसमा सहभागी छन्। 'अभ्यास-शान्ति प्रयास ४' अमेरिकी सरकारको ग्लोबल पिस अप्रेसन इनिसिएटिभको सहयोगमा नेपाली र अमेरिकी सेनाको सहकार्यमा आयोजना भएको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सेनाको खेलमैदानमा उद्घाटन गरेको अभ्यास २१ फागुनसम्म काभ्रेस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र, पाँचखालमा सञ्चालन हुनेछ। प्रधानमन्त्री प्रचण्डले संयुक्त राष्ट्रसंघका शान्ति स्थापना प्रयासहरूमा नेपाली सुरक्षाकर्मीले देखाएको समर्पण र प्रतिबद्धताको प्रशंसा गरे।

संयुक्त राष्ट्रसंघलाई शान्ति सैनिक र प्रहरी उपलब्ध गराउने देशहरूमा नेपाल अहिले शीर्ष स्थानमा रहेको भन्दै आवश्यक परेमा १० हजारसम्म फौज उपलब्ध गराउन नेपाल प्रतिबद्ध रहेको बताए। वर्तमान विश्वमा देखिएका जातीय तनाव र आतंकवादका विभिन्न कारकहरूबाट सञ्चालित जटिल द्वन्द्वका कारण शान्ति स्थापनार्थ सैनिकहरूले खतराको सामना गर्नुपरेको प्रचण्डले बताए।

वहुस्तरीय प्रकृतिका द्वन्द्वका विषयमा नेपाल पनि सचेत हुनुपर्ने प्रधानमन्त्रीको भनाइ थियो। शान्ति स्थापना कार्यहरू जटिल राजनीतिक-सैन्य-मानवीय प्रयासका रूपमा विकसित भएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले शान्ति सैनिकले अझ धेरै बुझ्नुपर्ने र तयारी गर्नुपर्ने अवस्था आएको पनि उल्लेख गरे। 'संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यको विश्वास र वैधानिकता कायम राख्न नयाँ जटिल चुनौतीहरूका माझ विश्वमा कसरी शान्ति प्रदान गर्ने भनेर हामीले पुनः मूल्यांकन गर्नुपर्ने भएको छ,' प्रधानमन्त्रीले भने।

कार्यक्रममा संयुक्त राज्य अमेरिकाकी उपसहायकमन्त्री राचेल स्काइलरले विभिन्न शान्ति मिसनमा शान्ति सैनिकहरू खटाई विश्व शान्ति स्थापनामा पुऱ्याएको नेपालको योगदानको प्रशंसा गरिन्। अभ्यासमा बंगलादेश, फिजी, घाना, इन्डोनेसिया, मलेसिया, मंगोलिया, नेपाल, श्रीलंका, थाइल्यान्ड, उरुग्वे, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया, क्यानडा, भारत, नाइजेरिया, पाकिस्तान, फिलिपिन्स, दक्षिण कोरिया र भियतनामका सैनिकहरू सहभागी छन्।

सबैभन्दा ठूलो दल कांग्रेसको सम्पत्ति साढे नौ करोड

काठमाडौं/ संसद्को सबैभन्दा ठूलो दल कांग्रेसले पार्टीको सम्पत्ति भने साढे नौ करोड मात्रै रहेको दाबी गरेको छ। पार्टीको केन्द्रीय लेखा समितिका संयोजक श्यामकुमार घिमिरे ले कांग्रेससँग चालू र स्थिर गरी नौ करोड ६७ लाख १५ हजार रुपैयाँबराबर सम्पत्ति रहेको लेखापरीक्षण प्रतिवेदन महासमिति बैठकमा पेस गरेका हुन्।

प्रतिवेदनअनुसार पाँच करोड ५३ लाख ५५ हजार स्थिर र तीन करोड ४१ लाख एक हजार रुपैयाँ चालू सम्पत्ति छ। त्यस्तै, लगानीतर्फ तीन करोड रुपैयाँ छ। कुल सम्पत्ति ११ करोड ३५ लाख ९४ हजार रुपैयाँ रहे पनि दुई करोड २७ लाख ४२ हजार रुपैयाँ चालू दायित्व देखाइएको छ। भएको सम्पत्तिमध्ये बैंक तथा नगद मौज्दात एक करोड ९४ लाख १६ हजार रुपैयाँ छ। 'पार्टीको जग्गा र घरको पुर नै मूल्यांकन भएकाले पाँच करोड मात्रै मूल्य देखिएको छ जुन असाध्यै न्यून हो,' उनले भने, 'हामी पुनर्मूल्यांकनको तयारीमा छौं, त्यसपछि कांग्रेसको सम्पत्ति अहिलेको भन्दा धेरै गुणा बढी देखिनेछ।'

कांग्रेस लगातार दुई आर्थिक वर्षदेखि घाटामा गएको देखिएको छ। प्रतिवेदनले आर्थिक वर्ष ०७९/८० मा चार करोड ३५ लाख १८ हजार रुपैयाँ र ०७८/७९ मा तीन करोड ८४ हजार रुपैयाँ घाटामा गएको हो। ०७९/८० मा तीन करोड ६४ लाख ७६ हजार रुपैयाँ आम्दानी गरेको कांग्रेसले सात करोड ९९ लाख ९५ हजार रुपैयाँ खर्च गरेको देखाएको छ। त्यसअघि ०७८/७९ मा १४ करोड ८९ लाख ९४ हजार आम्दानी गर्दा १७ करोड ९० लाख ७८ हजार रुपैयाँ खर्च गरेको थियो।

> कांग्रेस लगातार दुई आर्थिक वर्षदेखि घाटामा, खर्च आधाभन्दा बढीले घट्यो

गत आवमा आम्दानीतर्फ सबैभन्दा बढी चन्दा तथा सहयोगबाट दुई करोड ६५ लाख ६४ हजार रुपैयाँ प्राप्त गरेको छ। त्यस्तै, सदस्यता, लेबी र नवीकरण शुल्कबाट ५७ लाख ६० हजार, प्रकाशन बिक्रीबाट ९४ हजार, सम्पत्ति बिक्री तथा लिलामीबाट दुई लाख २५ हजार र लगानीको आयबाट ३८ लाख ३१ हजार रुपैयाँ आम्दानी गरेको छ। सोही वर्ष निर्वाचनका लागि सबैभन्दा धेरै तीन करोड ८८ लाख ५७ हजार खर्च गरेको छ। त्यस्तै, कार्यालय सञ्चालनतर्फ तीन करोड २२ लाख ५० हजार, भ्रातृ संगठनतर्फ ४९ लाख ६० हजार र ह्रास तथा अपलेखनतर्फ ३९ लाख २६ हजार खर्च भएको प्रतिवेदनमा उल्लेख छ।

विवादित मुद्दामा...

पृष्ठ १ बाट क्रमशः

बागमती र गण्डकी प्रदेश र चौथो समूहमा भ्रातृ तथा शुभेच्छुक संस्था तथा जनसम्पर्क समिति रहनेछन्। प्रत्येक समूहमा ८० जनाले छलफलमा धारणा राख्ने कांग्रेसको भनाइ छ।

खास गरेर महामन्त्री थापाको प्रतिवेदनमा आगामी निर्वाचनमा एक्लै लड्नुपर्ने प्रस्ताव आएपछि कांग्रेस सभापति शेरबहादुर देउवाले यो रणनीतिक विषय रहेको भन्दै तत्कालीन अवस्थामा निर्भर रहने बताएका थिए। यही विषयमा कांग्रेसभित्र दुई धार देखिएपछि सोमबारको बैठकमा प्रतिवेदनहरू पेस हुन सकेका थिएनन्।

तर, सोमबार राति सभापति देउवा, महामन्त्री थापा र अन्य केही नेताबीच प्रस्तावहरू अगाडि बढाउने र विवादित विषयमा सहभागीको म्यान्डेडका आधारमा परिमार्जन गर्ने सहमतिपछि मंगलबार प्रतिवेदन पेस भएका हुन्। यसैअनुसार 'निर्वाचनमा गठबन्धन नगर्ने' थापाको प्रस्ताव तत्काल ग्रहण गरेर महासमिति बैठकमा छलफलका लागि अगाडि बढाइएको छ।

तर, भविष्यमा गठबन्धन गर्ने-नगर्नेमा दुई महामन्त्रीबीच पनि मतभेद छ। महामन्त्री थापाले सांगठनिक प्रस्तावमा आगामी निर्वाचनमा गठबन्धन नगर्ने प्रस्ताव गरेका छन् भने अर्का महामन्त्री शर्माले समसामयिक राजनीतिक प्रस्तावमा गठबन्धनबारे तत्कालीन आवश्यकताका आधारमा निर्णयमा पुग्नुपर्ने प्रस्ताव पेस गरेका हुन्।

प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार महामन्त्रीद्वयको प्रस्तावको विषयमा बैठकमा छलफल हुने र सुझावका आधारमा परिमार्जन गरी अन्तिम रूप दिइने बताए। 'सहमतिकै आधारमा तत्काल प्रस्ताव ग्रहण गरेर बैठकको एजेन्डा बनाउन तयार भएका हौं। महामन्त्रीद्वयको प्रस्तावको आशय उस्तै नै हो। भोटिङमा नलानकै लागि हामीले सहमति गरेका हौं। अब भोटिङ गरेर टुंगो लगाउने भन्ने हुँदैन,' विश्वकर्माले नयाँ पत्रिकासँग भने, 'बैठकमा पर्याप्त छलफल हुन्छ, त्यहाँ आउने सुझाव समावेश गरेर महासमिति बैठक सम्पन्न गर्छौं। केन्द्रीय समितिले पारित गरेको प्रस्ताव केन्द्रीय समितिबाटै निर्णय दिन्छौं। निर्णयको स्वामित्व महासमिति बैठककै हुनेछ।'

सहमहामन्त्री बद्री पाण्डेले प्रस्तावबारे समूहगत छलफल गर्ने र छलफलबाट आएका सुझाव समेट्ने बताए। यसरी आएका सुझाव समेट्ने र आवश्यक परे विशेष प्रस्ताव समावेश गरेर पारित गर्ने उनको भनाइ छ। महासमितिबाट आएका सुझाव थप छलफल गरेर केन्द्रीय समितिले अन्तिम रूप दिने उनको भनाइ छ। 'महामन्त्रीद्वयका गठबन्धनका विषयमा मतभेद छैन। एक-अर्कामा जोडिएका छन्, आशय उही नै हो। महासमितिले सुझावसहित पारित गरेका विषय केन्द्रीय समिति बैठकले आवश्यक छलफल गरेर निर्णयको रूप दिनेछ,' उनले भने।

मंगलबार आफ्नो प्रस्ताव पेस गर्दै महामन्त्री थापाले कांग्रेस कार्यकर्ताले रुख चिह्नमै मतदान गर्ने सुनिश्चित गर्ने बताए। उनले प्रस्तावमा आगामी निर्वाचनमा गठबन्धन नगर्ने संकल्प महासमिति बैठकबाट गर्नुपर्ने प्रस्ताव गरेका छन्। 'हामी भविष्यमा हुने आवधिक निर्वाचनहरू आफ्नै ताकतमा एक्लै लड्नेछौं र हाम्रा मतदातालाई नेपाली कांग्रेसको चुनाव चिह्न 'रुख' मा नै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्नेछौं,' बैठकमा पेस थापाको प्रस्तावमा छ, 'हाम्रो आफ्नै संगठनलाई थप ऊर्जाशील बनाउँदै आमजनताको मत र विश्वास बढाएर नेपाली कांग्रेसले एक्लै बहुमत ल्याउन सक्ने पार्टीका रूपमा पुनः स्थापित गर्नेछौं।'

तर, अर्का महामन्त्री शर्माले गठबन्धनलाई आवश्यकता र जोखिमका रूपमा उल्लेख गर्दै चार वर्षपछिको निर्वाचनका लागि अहिले नै छलफल आवश्यक नरहेको बताएका छन्। उनले फरक मतलाई उपयुक्त समयमा आवश्यकताका आधारमा हल गरेर जान सकिने मध्यमार्गी प्रस्ताव गरेका छन्। 'निर्वाचन आउनुभन्दा चार वर्षअघि नै निर्वाचनबारे छलफल गर्नु खासै आवश्यक विषय होइन। त्यसैले, आगामी निर्वाचनमा पनि गठबन्धन गरेर हामी जानेछौं या तीनवटै तहको सम्पूर्ण स्थानमा कांग्रेस उम्मेदवार खडा गर्नेछौं। यो विषयमा हामीभित्र रहेका स्वाभाविक दुई थरी मतलाई सुरक्षित राखेर उपयुक्त समयमा उपयुक्त निर्णयमा पुग्नेछौं,' शर्माको प्रस्तावमा छ।

तत्कालको गठबन्धन कायम राख्ने विषयमा भने महामन्त्रीद्वयको समान धारणा छ। 'एउटा विशिष्ट राजनीतिक परिस्थितिमा संविधानको रक्षाका लागि नेपाली कांग्रेसले निर्वाचनअगाडि गठबन्धनको नेतृत्व गर्नुपऱ्यो। गत निर्वाचनमा कांग्रेसले पाँच वर्षका लागि गठबन्धनसहित मत मागेकाले यो अवधिसम्म जनतासँगको वाचा र अन्य साझेदार दलसँगको सम्झौताबमोजिम राजनीतिक इमानदारी प्रदर्शन गर्नुपर्छ भन्नेमा हामी सचेत छौं,' थापाको प्रस्तावमा छ।

अर्का महामन्त्री शर्माले पनि गठबन्धनलाई कायम राखेर नै देश र जनताको हितमा काम गर्नुपर्ने अभिभारा कांग्रेसको रहेको बताएका छन्। 'अहिले तत्काल हामी जुन गठबन्धनमा छौं, त्यो आगतको सम्झौता होइन, विगतले बोकाएको अभिभारा हो। अतः त्यसमा निरन्तरता चाहँदा हामीबीच अलमल या अस्पष्टता होइन सुस्पष्ट प्रतिबद्धता जरुरी हुन्छ। एकल बहुमत कसैको पनि नभएको संसद्मा गठबन्धनलाई कायम राखेर नै देश र जनताको हितमा काम गर्नुपर्ने अभिभारा हाम्रो छ,' शर्माको प्रतिवेदनमा छ।

उपसभापति खड्काको मंगलबार पेस भएको प्रतिवेदनमा भने गठबन्धनको विषय मौन छ। यसअघि ३ फागुनमा केन्द्रीय समिति बैठकमा उनले पेस गरेको प्रस्तावमा भने आवश्यकताका आधारमा गठबन्धन गरेर जाने उल्लेख थियो। 'नेपालले मिश्रित निर्वाचन प्रणाली अंगीकार गरेको कारण संसद्मा कुनै एक दलको बहुमत पुग्ने सम्भावना निकै कम देखिन्छ। सरकार गठनका लागि गठबन्धन सरकार बनाउनैपर्ने बाध्यता भएको अवस्थामा अस्थिरता निम्तिन सक्ने अवस्थालाई ध्यान दिँदै र विगतका अनुभवबाट पाठ सिक्दै आवश्यक नीति तय गर्ने प्रतिबद्धता व्यक्त गर्दछ,' खड्काको प्रस्तावमा थियो।

सभापति देउवाले गठबन्धनको विषय धेरै नचर्काउन सुझाएपछि उपसभापति खड्काले आफ्नो प्रतिवेदनबाट यो विषय हटाएका हुन्। उपसभापति पूर्णबहादुर खड्काको नीति प्रतिवेदनमा लोकरिझ्याइँमा रम्ने दलहरूको आलोचना गरिएको छ। प्रतिवेदनमा नयाँ दल र राजसंस्था पुनर्स्थापनाको एजेन्डा बोक्ने दलहरूलाई अधिनायकवादीको संज्ञा दिइएको छ।

स्वतन्त्रतापूर्वक...

पृष्ठ १ बाट क्रमशः

विवाद नरहेको दाबी उनको थियो।

उक्त मुद्दामा जिल्ला न्यायाधीश प्रकाशप्रसाद पण्डितको इजलासले फैसला गर्दै वादीको दाबी नपुग्ने फैसला गरेको हो। विवाह सहजै टुट्ने किसिमको सम्बन्ध नरहेको तथा विधायिकाको मनसाय पनि त्यस्तै देखिएको इजलासको ठहर छ। वादीको दाबीमा सम्बन्धविच्छेद हुन सक्ने कुनै आधार नरहेको फैसलामा छ।

'पति वा पत्नीले अर्को पक्षसँग केवल मनोगत आधारमा सम्बन्धविच्छेदको दाबी लिन नसकून् र पति-पत्नीको सम्बन्धविच्छेद कुनै एक पक्षको लहड, रहर र इच्छाले टुट्न सक्ने कमजोर सम्बन्ध नबनोस् भन्ने उद्देश्य विधायिकाले लिएको पाइन्छ,' फैसलामा भनिएको छ। दुईजनाले स्वतन्त्र मञ्जुरीसहित एक-अर्काको पति वा पत्नी भई जीवन जिउने इच्छा गरेर विवाह गरेपछि एक-अर्काप्रति, समाज, घरपरिवार र सन्तानप्रति समेत अनेकौं किसिमका दायित्व र अधिकार सिर्जना हुन पुग्ने निष्कर्ष इजलासको छ। यसलाई अदालतले समेत गम्भीरतापूर्वक लिनुपर्ने राय फैसलामा छ।

'यस अवस्थामा कुनै एक पक्षको मात्रै इच्छा र चाहनामा सो पवित्र सम्बन्ध विच्छेद गर्न पाउने गरी कानुनी व्यवस्थालाई खुकुलो बनाइदिने हो भने व्यक्ति आफूबाहेक अन्यसँग जिम्मेवार नरहन जाने खतरा उत्पन्न हुन्छ भने घर, परिवार, नाता, सम्बन्ध, समाज केवल देखावटी र मेकानिकल बन्न जान्छ। तसर्थ, कुनै एउटाको मात्रै इच्छा र चाहनाले सम्बन्धविच्छेद नहोस् भन्नेतर्फ विधायिका सचेत देखिन्छ,' फैसलामा छ।

कानुनले श्रीमान्-श्रीमती दुवैको मञ्जुरीले सम्बन्धविच्छेद हुन सक्ने व्यवस्था गरेको छ। मुलुकी देवानी संहिताको दफा ९४ मा पुरुषले र ९५ मा महिलाले सम्बन्धविच्छेद गर्न पाउने आधारबारे उल्लेख छ। जसअनुसार पुरुषले चार र महिलाले ६ वटा आधारमा सम्बन्ध समाप्त गर्न सक्छन्। पत्नीले खान-लाउन नदिएमा, अंश लिई वा मानो छुट्टिई पत्नी भिन्न बसेबाहेकको अवस्थामा पतिको मञ्जुरीबेगर तीन वर्ष वा सोभन्दा बढी समय पत्नी अलग बसेमा तथा पत्नीले घर निकाला गरिदिएमा पतिले सम्बन्धविच्छेदका लागि प्रक्रिया अगाडि बढाउन सक्छ। यसैगरी, पत्नीले अंगभंग हुने गरी ठूलो मानसिक तथा शारीरिक कष्ट दिएमा, जाल-प्रपञ्च रचेमा र परपुरुषसँग यौनसम्बन्ध राखेको ठहरेमा पनि सम्बन्ध तोड्न सकिने व्यवस्था छ।

अर्कोतिर, महिलाका पतिले मञ्जुरी नलिई तीन वर्ष वा सोभन्दा बढी समय अलग बसेमा, पतिलाई खानलाउन नदिएमा, पत्नीको अंगभंग हुने गरी शारीरिक वा मानसिक चोट दिएमा तथा जाल-प्रपञ्च रचेमा पनि सम्बन्धविच्छेदका लागि आधार हुन्छ। पतिले अर्को विवाह गरेमा, अन्य महिलासँग यौनसम्बन्ध राखेको पुष्टि भएमा र पत्नीलाई जबर्जस्ती करणी गरेमा पनि सम्बन्धविच्छेद गर्न सक्ने व्यवस्था छ।

तर, निवेदक युवतीले यीमध्ये कुनै आधार प्रस्तुत गर्न नसकेको इजलासको ठहर छ। हचुवाका भरमा दफा ९५ को (क), (ख) र (ग) उल्लेख रहेका तथा त्यसको वस्तुगत आधार र कारण उल्लेख नगरेकाले पति-पत्नीबीचको 'पवित्र नाता' विच्छेद हुन नसक्ने इजलासको ठहर छ। फिरादपत्रको अद्योपान्त अध्ययन गर्दा संहितामा उल्लेख भएअनुसारको कारण नखुलेको भन्दै फैसलामा भनिएको छ, 'वादीलाई प्रतिवादीसँग सम्बन्धविच्छेद गरी स्वतन्त्र जीवन बिताउने इच्छा जागेकै भरमा मात्र वादीलाई प्रतिवादीसँग सम्बन्धविच्छेद गर्ने हकदैया प्राप्त हुन सक्दैन।'

यसमा पतिले आफूले अस्ट्रेलिया जान भनी १८ लाख रुपैयाँ खर्च गरिसकेकाले उक्त रकम पत्नीबाट भराउन माग गरेका थिए। उक्त प्रतिदावी पनि अदालतले अस्वीकार गरेको छ। पति र पत्नीको सम्बन्ध सुमधुर रहेको अवस्थामा पति वा पत्नीका लागि आपसी सहमतिमा खर्च गरेको रकम पत्नीबाट भराइपाऊँ भनी पतिले माग गर्न नमिल्ने इजलासको ठहर छ। 'त्यसो हुने हो भने पति र पत्नीको सम्बन्ध कायम गरी एकाघर सगोलमा रहनु, बस्नुको अर्थ रहँदैन। पति वा पत्नीले एक-अर्काका लागि जीवन नै सुम्पेको अवस्थामा एक-अर्काका लागि भएको खर्च भराइपाउने भन्ने मिल्ने हुँदैन,' फैसलामा छ।

नेपाललाई साढे...

पृष्ठ १ बाट क्रमशः

मंगलबार जारी विज्ञप्तिमा भनिएको छ, 'बेलायतले सन् २०३० सम्म ४० करोड पाउन्ड नेपाललाई सहयोग दिनेछ।' यसबाट १३ हजार पाँच सय रोजगारी सिर्जना हुने तथा थप एक अर्ब डलर लगानी आकर्षित गर्ने विश्वास लिइएको छ। त्यस्तै, २० लाख महिला र बालबालिकालाई गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच स्थापनाका लागि सहयोगीसिद्ध हुने बेलायती दूतावासले जनाएको छ।

'नयाँ विकास पोर्टफोलियोले विकासमा निजी क्षेत्रको अत्यावश्यक कोष परिचालन, जलवायु संकटसँग जुध्न र नेपालको आर्थिक वृद्धिलाई सहयोग पुऱ्याउनेछ,' दूतावासले भनेको छ।

नेपाल भ्रमणका क्रममा अन्तर्राष्ट्रिय विकासमन्त्री मिचेलले नेपालप्रति सद्भाव व्यक्त गरे। 'हामी नेपालका लागि अझ फराकिलो र समृद्ध भविष्य सुरक्षित गर्ने महत्त्वाकांक्षा पनि साझा गर्छौं,' मिचेलले भने, 'यो युके-नेपाल मित्रताको आगामी सय वर्षको अवधिमा चुनौती र अवसरको सामना गर्न उपयुक्त साझेदारीको अंश हो।'

उनले नयाँ विकास पोर्टफोलियोले आठवटा कार्यक्रममा ध्यान केन्द्रित गरेको पनि बताए। 'नेपालले सुरु गरेको हरित उत्थानशील र समावेशी विकासलगायतका अभियानहरूमा सहयोग गर्न पाउँदा युके गौरवान्वित छ,' उनले भने, 'मैले देखेको छु, नेपाल र युकेबीचको साझेदारी कसरी विकसित हुँदै आएको छ। मैले कर्णालीका ती दलित समुदायका सदस्यलाई भेटेको छु, जो युकेले सहयोग गरेको वातावरण उत्थानशील सिँचाइको फलस्वरूप अझै राम्रो अन्न उब्जनी गर्न सक्षम भएका छन्। मैले बुटवल अस्पतालमा रोकथाम गर्न सकिने किसिमका मृत्युलाई रोक्नका लागि दत्तचित्त भएर खटिइरहेका स्वास्थ्यकर्मीलाई भेटेको छु।'

युकेको नयाँ विकासको अवधारणा नेपाली नेतृत्व र प्रणाली, मुद्रा परिचालन, सबैका लागि अवसर तथा नेपाली युवाको स्वदेशमै भविष्य सुनिश्चित गर्ने कार्यप्रति केन्द्रीकृत रहेको उनको जिकिर छ। बेलायतको नयाँ सहायताले १७ लाख जनतालाई लाभ पुग्ने पनि उनको विश्वास छ।

बेलायती दूतावासका अनुसार मन्त्री मिचेलले बेलायती अन्तर्राष्ट्रिय लगानी (बिआइआई)को दुई करोड २० लाख डलरबराबरमा निर्माण भइरहेको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको भ्रमण गरेका थिए। मन्त्री मिचेलले हिन्दुकुश हिमालयमा जलवायु परिवर्तनको खतरा र युकेले नेपाललाई जलवायु जोखिम व्यवस्थापनमा कसरी सहयोग गरिरहेको छ भन्ने विषयमा पनि जानकारी लिएका छन्। उनले लुम्बिनी प्रादेशिक अस्पतालको वन-स्टप क्राइसिस म्यानेजमेन्ट सेन्टर पनि भ्रमण गरे।

लगानी सम्मेलनलाई सहयोग गर्ने प्रतिबद्धता

बेलायतका मन्त्री मिचेलले आसन्न लगानी सम्मेलनलाई समर्थन र सहयोग गर्ने बताएका छन्। तर, लगानीका लागि नेपालले उपयुक्त वातावरण सिर्जना गर्नुपर्ने पनि उनको भनाइ थियो। 'लगानीकर्ताका लागि उपयुक्त वातावरणले कति महत्त्व राख्छ भन्ने विषयलाई पनि म जोड दिन चाहन्छु। जस्तै, कानुनमा परिमार्जन तथा फाइनान्सियल एक्सन टास्क फोर्सको ग्रे-लिस्टमा पर्नबाट बच्नका लागि आवश्यक सम्पूर्ण कार्य गर्ने कुरा सुनिश्चित गर्ने,' उनले भने । नेपाललाई हरित कोषका लागि सहयोग गर्ने, राम्रो लगानीका लागि नेपालको लगानी बोर्डलाई सघाउने पनि उनले प्रतिबद्धता जनाए। उनले भने, 'एसियाली विकास बैंकसँग मिलेर नेपाललाई क्लाइमेट फाइनान्समा पहुँच पुऱ्याउन तथा विश्व बैंक र अरूहरूसँग मिलेर जलवायु परिवर्तनका चुनौती सामना गर्न सहयोग गर्नेछौं।'

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुतलीसडक, काठमाण्डौको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/११/०९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुतलीसडक, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिलगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० फागुन १६ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय पुतलीसडक, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण	संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण
नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यलयमा मिति २०७३/०६/१६ मा दर्ता नं. १५६९९९/०७३/०७४ अर्न्तगत दर्ता भएको काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. १३, छाउनीमा रजिष्टर्ड कार्यालय रहेको **सुयांश अटो प्रा.लि.।** **संञ्चालक: जीवन न्हुच्छे प्रधान**	१. **जीवन न्हुच्छे प्रधान** ना.प्र.नं.: ३६४११०५७७ जारी मिति: २०५१/०७/१०, जि.प्र.का. सर्लाही बाबु: बाबु काजी प्रधान बाजे: नारायण दास स्थायी ठेगाना: सर्लाही जिल्ला, हरिवन गा..वि.स., वडा नं.९ हालको ठेगाना: का.जि., का.म.न.पा., वडा नं.१३ २. **बाबु काजी प्रधान** ना.प्र.नं.: ३६४१५२०० जारी मिति: २०५१/०७/१०, जि.प्र.का. सर्लाही बाबु: नारायण दास बाजे: काली दास प्रधान स्थायी ठेगाना: सर्लाही जिल्ला, लालबन्दी न.पा., वडा नं. ०७ हालको ठेगाना: का.जि., का.म.न.पा., वडा नं.१३ ३. **यमुना न्हुछे प्रधान** ना.प्र.नं.: ७६२२/२७४४ जारी मिति: २०४५/०१/१६, जि.प्र.का. काभ्रेपलाञ्चोक बाबु: दिलदास पोते बाजे: कृष्ण दास पोते स्थायी ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, नासिकास्थान साँगा, वडा नं. ०४ हालको ठेगाना: का.जि. का.म.न.पा., वडा नं. १३

लिलाम हुने सम्पतिको विवरण:

१. **सुयांश अटो प्रा.लि.**को नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स., वडा नं. ०६ सिट नं. ०६/क स्थित कित्ता नं.४६७, ४६२ र ४६५ क्षेत्रफल क्रमशः ०-२-०, ०-१-४-१.२ र ०-०-१० (बिगाह) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

२. धनि कुमारी बैक लि. ऋणी **सुयांश अटो प्रा.लि.** कायम भएको तपसिलको सवारी साधन

सवारी नं.	चे.नं.	इं.नं.	मोडल	यातायात कार्यालय
ना. ५ च.२३६१	MA1ZN2TBKK1E48862	TBK1E56591	प्राइभेट पिकअप सिंगल क्याव	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ५ च. २३४९	MA1ZN2TBKK1E48878	TBK1E56472	-	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त. २८१०	MBNDDALAEJRH00017	RJH2MBA5402	-	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त. ३००९	MBNSFAVABJNJ00019	NJJ5FAE0062	प्राइभेट ट्रेक्टर	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त. ३००८	MBNSFAVABJNJ00018	NJJ5FAE0072	प्राइभेट ट्रेक्टर	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त. ३००७	MBNSFAVABJNJ00017	NJJ5FAE0049	प्राइभेट ट्रेक्टर	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त. २४६५	MBNUFALYAJNE00403	NJE5GFE0315	-	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त. २११९	MBNUFALYAJNE00400	NJE5GFE4118	प्राइभेट ट्रेक्टर	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त. २११८	MBNUFALYAJNE00399	NJE5GFE4081	प्राइभेट ट्रेक्टर	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त.२४६४	MBNUFALYAJNE00402	NJE5GFE0320	-	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त.१७२	MBNDBAEXBJRD00105	RJD2EAN3291	-	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त. ३११५	MBNUFALYAJNH00480	NJH5GFE0737	-	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त. ३३५७	MBNUFALYAKNK00514	NJJ5GFE0025	-	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त. ३३४१	MBNUFALYAKNK00498	NJJ5GFE0005	-	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त ५३६०	MBNWHBDBTKNC00019	NKC4WPE0001	-	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
ना. ७ त ३५४१	MBNDDALAEKRK00032	RJJ2MBA5721	प्राइभेट ट्रेक्टर	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज
प्रदेश २-०३-००१ च १७६१	MAGZN2TBKK9K-76309	TBK9K-81998	प्राइभेट पिकअप सिङ्गल क्याव	प्रदेश-२ यातायात व्यवस्था कार्यालय विरगंज
प्रदेश २-०३-००१ त १६५०	MBNWHBDBTLNL00031	NLL4WPE0008	प्राइभेट ट्रेक्टर	प्रदेश-२ यातायात व्यवस्था कार्यालय विरगंज
प्रदेश २-०३-००१ त ३३९	MBNUFALYAKNF00577	NKF5GFE0021	प्राइभेट ट्रेक्टर	प्रदेश-२ यातायात व्यवस्था कार्यालय विरगंज
ना. ५ च २३५२	MA1ZN2TBKK1E48864	TBK1E56466	निजी पिकअप	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंज

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० फागुन १५ गते** भित्र बैंकको शाखा कार्यालय पुतलीसडक, का

■ निम्न वर्गमाथि लघुवित्तको कहर

सात दिन हिँडेर काठमाडौं आएका पीडितले रिङरोडमा गरे प्रदर्शन



लघुवित्तपीडितले मंगलबार काठमाडौंमा गरेको प्रदर्शन । सिफलबाट सुरु भएको प्रदर्शन रिङरोड हुँदै कलंकीमा पुगेर कोणसभामा परिणत भएको थियो । तस्बिर : संजित परियार/नयाँ पत्रिका

■ लघुवित्तको मानसिक यातनापछि एक हजार पाँच सय पीडितले आत्महत्या गरिसकेको दाबी ।

■ निर्देशिकाअनुसार एक ऋणीलाई दुईवटा वित्तीय संस्थाले ऋण लगानी गर्न पाउँदैन । तर, लघुवित्तहरूले दुईभन्दा बढीलाई ऋण प्रवाह गरिरहेका छन् ।

■ लघुवित्तका ऋणी मात्रै छैनन्, बचतकर्ता पनि छन् । उनीहरूको हिसाब नै देखाउँदैनन् ।

टेकराज थामी/नयाँ पत्रिका

लघुवित्तले दिएको मानसिक यातना सहन नसकेपछि गुल्मी दरबार गापा- ४ की शिखा रेस्मी आत्महत्या गर्न घरबाट निस्किइन् । पासो लगाउने क्रममा स्थानीयले देखे । उद्धारपछि बल्ल उनको ज्यान जोगियो । सुरुमा स्थानीय लघुवित्त ऋण दिन भन्दै उनको घरमै आए । अनेक प्रलोभन देखाए । १५ हजार रुपैयाँ ऋण जबर्जस्ती भिराए । ब्याज तिर्न आयस्रोतले पुगेन । ऋण लिन उनी अर्को लघुवित्त पुगिन् । चर्को ब्याजमा पुनः ऋण लिइन् । र, पहिलेको लघुवित्तबाट लिएको ऋण तिर्दै गइन् । दुईवटा लघुवित्तको ऋण उनलाई अझ चर्को बन्यो । ऋण तिर्न उनी फेरि नयाँ लघुवित्तको खोजीमा जुटिन् ।

लघुवित्तबाट ऋण लिने र लघुवित्तमै बुझाउने सिलसिला १२ वर्ष चल्यो । यस क्रममा उनलाई १५ लाख रुपैयाँ ऋण लाग्यो । लघुवित्त चुप बस्ने पक्षमा थिएनन् । उनीहरू शिखाको घरभित्र घुसे । उनीहरूले कहिले शिखाको घरमा ताला ठोके । कहिले गोठको भैंसी उठाउन अघि बढे । चुलोदेखि गोठसम्म लघुवित्तका कर्मचारीले पछ्याउन थालेपछि शिखा आजित भइन् । र, आत्महत्या गर्ने तहसम्म पुगिन् । धन्न स्थानीयको नजर उनीमाथि पऱ्यो र बाँच्न सफल भइन् ।

पाँच दिनको पैदल यात्रापछि काठमाडौं आइपुगेकी उनले भनिन्, 'लघुवित्तको १५ हजार ऋणले अर्को १५ लाख ऋण बोकायो । तिर्न नसकेपछि लघुवित्तले दिनुसम्म मानसिक यातना दिए । जसले मलाई आत्महत्या गर्ने स्थितिसम्म पुऱ्यायो । धन्न दिन बलियो रहेछ र स्थानीयले बचाए । सोही पीडा लिएर हामी काठमाडौं आइपुगेका छौं । माग पुरा होला-नहोला हेर्नुछ ।'

गोरखा आरुघाट गापा- ५ की गीता गुरुङ लघुवित्तको ज्यादतीविरुद्धको आन्दोलनमा पाँच दिनअघि मुग्लिनबाट सहभागी भइन् । अन्य पीडितसँगै पैदल हिँडेर उनी दुई दिनअघि काठमाडौं आइपुगिन् । कलंकीबाट सातदोबाटो, कोटेश्वर, गौशाला, महाराजगन्ज, गोंगबु, स्वयम्भू हुँदै पुनः कलंकीको चक्र लगाउन उनलाई दुई दिन लाग्यो । लघुवित्तको ज्यादतीविरुद्धको आन्दोलनमा उनीसँगै १० हजार पीडित सहभागी भए ।

कलंकीस्थित कोणसभामा भेटिएकी उनले भनिन्, 'गाउँमा लघुवित्तले उठिवास लगायो । पीडा सहन सक्ने अवस्था भएन । त्यसो हुँदा पीडितहरूको आन्दोलनमा सहभागी हुन आउनुपऱ्यो । यसक्रममा हामीले पैदल हिँडेर सात दिन बिताइसकेका छौं । माग पूरा नभएसम्म आन्दोलन जारी रहनेछ ।'

अरुघाट- ५ भैलेनीकी उनले स्थानीय लघुवित्तबाट एक लाख ऋण लिएकी थिइन् । १५ प्रतिशत ब्याज कटौती भएर उनले पाउने रकम ८५ हजार रुपैयाँ निर्धारण भयो । त्यसमा पाँच हजार रुपैयाँ सेवाशुल्क बुझाउनुपर्ने भयो । अर्को १० हजार रुपैयाँ धरौटी राख्नुपऱ्यो । त्यसो हुँदा उनको हातमा पऱ्यो, ७० हजार रुपैयाँ मात्रै । यसबापत उनले प्रतिमहिना बुझाउनुपर्ने किस्ता तोकियो, १० हजार रुपैयाँ । यसरी उनले हात पारेको ७० हजार रुपैयाँ ऋणको वर्ष दिनमा एक लाख ५० हजार रुपैयाँ लघुवित्तमा बुझाउनुपर्ने भयो । किस्ता बुझाउन उनीसँग बलियो आर्थिक स्रोत भएन । किस्ता बुझाउन पुनः अर्को लघुवित्तको शरणमा जानुपर्ने भयो । एकपछि अर्को 'ट्रयाप' परेकी उनले भनिन्, 'लघुवित्तको पासोमा परेर गाउँ छाड्ने मजस्तै धेरै छन् । मेरै टोलमा मात्रै सरला गुरुङ, पुजा गुरुङ, फुलमती गुरुङ र नैने गुरुङले गाउँ छाडे ।'

माग पूरा नभएसम्म संघर्ष जारी रहन्छ



■ **मणिराम ज्ञवाली**, अध्यक्ष, लघुवित्त तथा वित्तीय शोषणविरुद्धको संघर्ष समिति

लघुवित्त पीडितको अवस्था दयनीय बनेको छ । मुलुकभर २८ लाख लघुवित्त पीडित छन् । त्यसमध्ये कतिले मुलुक छाडेर भारत गए । कतिको उठिवास भयो । १५ सयले त आत्महत्या नै गरे । ज्यादती चर्को छ । आत्महत्या गर्ने दर अझ बढ्ने खतरा छ । त्यसो हुँदा हामी आन्दोलनमा उत्रिनुपरेको हो । माग पूरा नभएसम्म संघर्ष जारी रहन्छ ।

■ लघुवित्तमा बचतको हिसाबै छैन

आन्दोलनमा सहभागी गुरुङका अनुसार लघुवित्तमा स्थानीयले ऋण मात्रै लिएका छैनन् । कतिपयले बचत पनि गरेका छन् । तर, लघुवित्त त्यस्ता बचतको कुनै हिसाब देखाउँदैनन् । त्यसो हुँदा धेरै स्थानीयको बचतसमेत लघुवित्तले हरण गर्ने अवस्था सिर्जना भएको छ । उनले भनिन्, 'लघुवित्तबाट हामीले ऋण मात्रै लिएका छैनौं । बचत पनि गरेका छौं । तर, त्यस्ता बचतको लघुवित्त कुनै हिसाब देखाउँदैनन् । त्यसो हुँदा लघुवित्तले धेरै स्थानीयको बचतबापतको रकम हिनामिना गरेको छ ।'

लघुवित्तपीडितको आन्दोलनमा सर्लाही कविलासी नपा- ८ की शान्तिकुमारी महरा पनि सहभागी हुन आइपुगेकी छिन् । उनले स्थानीय लघुवित्तबाट ५० हजार ऋण लिएकी थिइन् । तिर्न नसकेपछि पुनः अर्को लघुवित्तबाट ऋण लिइन् । एकपछि अर्को गर्दै उनी लघुवित्तको पासोमा पर्दै गइन् । सोहीकारण, उनको गाउँबाट उठिवास लाग्यो । आन्दोलनमा सहभागी हुन आइपुगेका गाउँका अन्य पीडितसँग भेटिएकी उनले भनिन्, 'लघुवित्तले उठिवास लगायो । घरमा बस्ने अवस्था भएन । लुघवित्तका कर्मचारी आउँछन् । कहिले ताला लगाउँछु भन्छन् । कहिले भैंसी लिएर जान्छु भन्छन् । मानसिक यातना भयो । बस्नै नसक्ने भएपछि गाउँ छाड्नुपर्ने अवस्था आयो ।'

■ २८ लाख पीडित रहेको दाबी

लघुवित्त तथा वित्तीय शोषणविरुद्धको संघर्ष समिति नेपालका अनुसार मुलुकभर अहिले लघुवित्तपीडित २८ लाखभन्दा धेरै छन् । जसमध्ये ५० हजार पीडित संघर्षरत छन् । पाँच लाख पीडितले किस्ताबापतको रकम तिर्न अस्वीकार गरेका छन् । लघुवित्तको मानसिक यातनापछि एक हजार पाँच सय पीडितले आत्महत्या गरिसकेको समितिको दाबी छ । लघुवित्तपीडितको अवस्था दयनीय बनेको संघर्ष समितिका अध्यक्ष मणिराम ज्ञवालीको भनाइ छ । उनले भने, 'मुलुकभर २८ लाख लघुवित्तपीडित छन् । त्यसमध्ये कतिले मुलुक छाडेर भारत गए । कतिको उठिवास भयो । १५ सयजनाले त आत्महत्या नै गरे । ज्यादती चर्को छ । आत्महत्या गर्ने दर अझ बढ्ने खतरा छ । त्यसो हुँदा हामी आन्दोलनमा उत्रिनुपरेको हो । माग पूरा नभएसम्म संघर्ष जारी रहन्छ ।' लघुवित्तलाई नेपाल राष्ट्र बैंकले 'घ' वर्गको इजाजत दिएको छ । लुघवित्त कम्पनी ऐन २०६३ अनुसार दर्ता हुन्छ । 'घ' वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको निर्देशिका २०७८ अनुसार एक ऋणीलाई दुईवटा वित्तीय संस्थाले ऋण लगानी गर्न पाउँदैन । निर्देशिकाअनुसार वित्तीय संस्थाले एउटा ऋणीलाई बढीमा सात लाख रुपैयाँ मात्रै ऋण लगानी गर्न पाउँछ । यसका लागि प्रत्येक वित्तीय संस्थाले नागरिकलाई वित्तीय साक्षरता दिनुपर्छ । तर, वित्तीय संस्थाले त्यसो नगरेको संघर्ष समितिका अध्यक्ष ज्ञवालीको भनाइ छ । उनले भने, 'अहिले वित्तीय संस्था 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको निर्देशका २०७८ अनुसार चल्दै आएको छ । यसअनुसार वित्तीय संस्थाले एउटा ऋणीलाई बढीमा सात लाख रुपैयाँ मात्रै ऋण लगानी गर्न पाउँछ । यसका लागि प्रत्येक वित्तीय संस्थाले नागरिकलाई वित्तीय साक्षरता दिनुपर्छ । तर, वित्तीय संस्थाले त्यसो गरेका छैनन् । त्यसो हुँदा यस्ता संस्था अविलम्ब बन्द गरिनुपर्छ ।'

■ एमाले केन्द्रीय कमिटी बैठक

चार कार्ययोजना प्रस्ताव छलफलका लागि नौ समूह

प्रस्तावित कार्ययोजना

- **ईश्वर पोखरेल**, वरिष्ठ उपाध्यक्ष : शुद्धीकरण र सुदृढीकरण सम्बन्धमा
- **विष्णुप्रसाद पौडेल**, उपाध्यक्ष : जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्त र जनआधारित कार्यकर्ता पार्टीको मर्मलाई बुझ्ने र कार्यान्वयन गर्ने चुनौतीमा
- **शंकर पोखरेल**, महासचिव : पार्टीको संगठनात्मक कामको समीक्षा सम्बन्धमा
- **प्रदीप ज्ञवाली**, उपमहासचिव : जनसरोकार जनदबाब सम्बन्धमा



काठमाडौं/ एमालेको केन्द्रीय कमिटी बैठकमा छलफलका लागि चारओटा कार्ययोजना प्रस्तुत भएका छन् । मंगलबारबाट सुरु भएको बैठकमा छलफलका लागि नेताहरूले अवधारणासहितका ती कार्ययोजना प्रस्तुत गरेका हुन् । बैठकमा शुद्धीकरण र सुदृढीकरण सम्बन्धमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र जनवादी केन्द्रीयताको संगठनात्मक सिद्दान्त र जनआधारित कार्यकर्ता पार्टीको मर्मलाई बुझ्ने र कार्यान्वयन गर्ने चुनौती सम्बन्धमा उपाध्यक्ष विष्णुप्रसाद पौडेलले कार्ययोजना प्रस्ताव गरेका छन् । त्यस्तै, पार्टीको संठनात्मक कामको समीक्षा सम्बन्धमा महासचिव शंकर पोखरेल र जनसरोकार जनदबाब सम्बन्धमा उपमहासचिव प्रदीप ज्ञवालीको कार्ययोजना पेस भएको छ ।

अवधारणामाथि छलफलका लागि नौवटा समूह बनाइएको प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले बताए । जसअनुसार स्थायी कमिटीका सदस्यको एक, सात प्रदेशका सात र उपत्यका तथा सम्पर्क विशेष, जनसंगठन र प्रवासको एकसहित नौवटा समूह बनाइएको छ । कार्ययोजनामाथि बुधबारबाट छलफल हुनेछ । छलफलका लागि ६ एजेन्डा प्रस्तुत भएकोमा अध्यक्ष केपी ओलीले समसामायिक राजनीतिक परिस्थितिबारे मन्तव्य राखेका छन् । त्यस्तै, झुलाघाट-चिवाभन्ज्याङ 'समृद्धिका लागि संकल्प यात्रा' र पार्टीको संगठनात्मक सुदृढीकरण र विस्तार अभियान 'मिसन ग्रासरुट' अभियानका सकारात्मक प्रभावको समीक्षा पनि छलफलको अर्को एजेन्डा रहेको छ । गौतमले जनसरोकारका मुद्दा सूचीकृत गरेर संसदमा खबरदारी गर्ने र आवश्यकता पर्दा सडकमा जनपरिचालन गर्ने गरी कार्यक्रम बनाउने गरी केन्द्रीय सदस्यसँग सुझाव मागिएको बताए ।

■ गठबन्धन सरकार पूर्ण असफल : ओली

एमाले अध्यक्ष केपी ओलीले बालकुमारीमा प्रहरीको गोलीबाट मृत्यु भएको घटनामा सरकारको छानबिनबाट प्रत्यक्ष संलग्न भेटिएका मन्त्रीमाथि प्रधानमन्त्रीले कारबाही गर्न नसकेको बताएका छन् । दोषी किटान भएका भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालालाई कुनै कारबाही गर्न नसकेर प्रधानमन्त्री 'हुतिहारा' बनेको ओलीको टिप्पणी छ । 'सरकारले बनाएको आयोगले नै मन्त्रीको गलत क्रियाकलापले गर्दा मान्छे मर्ने स्थिति आएको कुरा किटानका साथ भनिसक्यो, तर नैतिकता भन्ने चिजै छैन । न मन्त्री राजीनामा गर्छ न प्रधानमन्त्रीसँग हटाउने हुति छ' ओलीले भने । अहिलेको गबन्धनको एउटा मात्र उद्देश्य एमालेलाई बदनाम गर्नु र विरोध गर्नु मात्रै भएको भन्दै ओलीले त्यसलाई पार्टीले लोकतान्त्रिक बाटोबाटै पराजित गर्ने बताए । गठबन्धन सरकार पूर्ण रूपमा असफल रहेको बताउँदै ओलीले सरकार जति दिनसम्म रहन्छ, त्यो राष्ट्रलाई बोझ हुने उल्लेख गरे । उनले प्रधानमन्त्री प्रचण्डमा सुधारको कुनै गुञ्जायस नदेखिएको दाबीसमेत गरे ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय धनगढी कैलालीको

कर बक्यौता दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति २०८०/११/०५

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरुलाई कर बक्यौता रकम दाखिला गर्न विभिन्न मितिमा फोन सम्पर्क,संकलन भ्रमण, SMS तथा पत्राचार गरी जानकारी गराएकोमा हालसम्म पनि कर बक्यौता दाखिला नगरेको तथा कतिपय करदाताहरुलाई हुलाकमार्फत रजिष्ट्रि गरी पत्रहरु पठाएकोमा उक्त पत्रहरु कार्यालयमै फिर्ता आएकोले बक्यौता रकम दाखिला नभएको देखिन्छ । पत्र तथा जानकारी प्राप्त गर्नु नभएको भए पनि यसै सूचनालाई आधार मानी तपसिलमा उल्लेखित रकम बक्यौता हुनु नपर्ने कुनै प्रमाण भए सो प्रमाण पेश गरी वा रकम बैक दाखिला गरी बक्यौता फरफारक गर्न सम्बन्धित सबै करदाताहरुको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र बक्यौता फरफारक नभएमा आय कर तथा अग्रीम कर बक्यौताको हकमा आय कर ऐन २०५८ को दफा १०४ देखि दफा १११ सम्म तथा मूल्य अभिवृद्धि कर बक्यौताको हकमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २१ तथा अन्त शुल्कको हकमा अन्त शुल्क ऐन २०५८ को दफा १० मा उल्लेखित केही वा सबै प्रकृया अपनाई कर असुल उपरको लागि कारवाही शुरु गरिने व्यहोरा जानकारी गराइन्छ । साथै जे.भी. फर्महरुको नाममा रहेको बक्यौताको हकमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १०ख बमोजिम जे.भी.मा आवद्ध प्रत्येक फर्मको प्रोपराईटर, संचालक तथा साझेदारलाई व्यक्तिगत रुपमा जिम्मेवार बनाई त्यस्ता व्यक्तीहरुको चल अचल सम्पत्ती कब्जा गरी लिलाम बिक्री गरेर, बैक तथा वित्तिय संस्थामा रहेको रकम कट्टा गर्न लगाएर तथा प्रत्येक फर्मको कारोवार रोक्का समेत गरी बक्यौता असुल गरिने तर्फ कारवाही भईजाने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध गरिन्छ ।

सि. नं.	स्था.ले.नं.	फर्मको नाम	फर्मको ठेगाना	प्रोपराईटर/ संचालक/ साझेदारको नाम	बक्यौता किसिम	बक्यौता रकम रु.
१	३०३०७७३०	मुडभरी सप्लायर्स	धनगढी २, कैलाली	मनिष मुडभरी	मू.अ.कर	५३८०५९०
२	६०१०६४४३२	सुदुर फुड इण्डष्ट्रिज	धनगढी ५, गेटा, कैलाली	राजेन्द्र अग्रवाल/ कविस अग्रवाल	मू.अ.कर	५००८४८७
३	६०४८३९५८९	किसान ट्रेडिङ कन्सर्न	धनगढी २, चौराहा, कैलाली	आलम आरा अहमद	मू.अ.कर	६८४४३६५
४	३०२५३६६८९	राजश्री फुड प्रोडक्स	गोदावरी ५, गेटा, कैलाली	कविस अग्रवाल	मू.अ.कर	४८८६६१४
५	६०२४५५२३१	दिनेश इन्टरप्राईजेज प्रा लि	धनगढी ४, मेनरोड, कैलाली	श्याम हमाल	मू.अ. कर	३२३७०१३
६	६०७०११४३६	यमुना कन्स्ट्रक्सन	धनगढी ५, तारानगर, कैलाली	यज्ञ बहादुर शाही	मू.अ. कर	२४९५६३७
७	६१०१२५३३३	कालिका श्री सप्लायर्स प्रा.लि.	धनगढी ३, चटकपुर, कैलाली	गणेश बहादुर शाह	मू.अ.कर	३५४२९२८
८	३००३८५३७७	जे.वि.वि. टेडर्स	घोडाघोडी १०, पहलमानपुर, कैलाली	जग बहादुर बोगटी	मू.अ.कर	२५३६८८०
९	६०८९४२७६६	अन्शु अनुज स्टेश्नरी एण्ड सप्लायर्स	धनगढी १, एल. एन. चोक , कैलाली	किरण कुमारी कर्ण	मू.अ. कर	२५१२६९२
१०	६१९७२९२११	माहा स्पाइस एण्ड फुड प्रोडक्ट्स इण्डस्ट्रिज	लम्किचुहा १, कैलाली	मदन राज न्यौपाने	मू.अ. कर	४४३८१९०
११	३०२५३२१४०	राम जानकी सप्लायर्स	धनगढी ४, कैलाली	सतिस प्रसाद श्रेष्ठ	मू.अ. कर	१०१४००९
१२	६१४३०९३८२	केदार इटा उद्योग	लम्किचुहा ९, प्रतापपुर बनबर्षा, कैलाली	दीपक बहादुर रावल/ रबी कुवँर	मू.अ.कर	१८९८९९५
१३	६०१४९०३४१	सीता शक्ति ट्रेड लिङ्क	गोदावरी १, गेटा, कैलाली	सिता देवी कार्की	मू.अ. कर	१८१५४७८
१४	६१७९२९८५१	जय बालाजी ट्रेड लिंक एण्ड सप्लायर्स	धनगढी ४, चटकपुर, कैलाली	सुशिला कुमारी चौधरी	मू.अ. कर	१९८४५७२
१५	६००९२१३२९	प्रकाश निर्माण सेवा	धनगढी ६, देवरीया, कैलाली	प्रकाश राना	मू.अ.कर	१७०४३६७
१६	६०६६६१२१४	उग्रतारा मल्टि सोलुशन प्रा.लि.	धनगढी ४, बसपार्क, कैलाली	गगन सिंह भण्डारी	मू.अ.कर	९१०४००
१७	६००७७४५२३	न्यु माहा सप्लायर्स	लम्किचुहा १, कैलाली	मदन राज न्यौपाने	मू.अ. कर	१५८७३३५
१८	३००९४७७२६	दक्षिणकाली बदर्श	धनगढी ४, कैलाली	जमुना जोशी	मू.अ.कर	१८५६४६५
१९	३०२७५९४८४	गनीनाथ ट्रेडर्स एण्ड सप्लायर्स	धनगढी २, कृष्णनगर, कैलाली	मनोज प्रसाद जयसवाल	मू.अ. कर	४७८४७०
२०	३०२९०७०५८	डि.एस.सप्लायर्स	लम्किचुहा ६, चुहा, कैलाली	शंकर प्रसाद शर्मा	मू.अ. कर	१३५१७५५
२१	६०५६५६९२७	विन्दु सप्लायर्स	गोदावरी ६, कैलाली	विन्दु कुमारी जयसवाल	मू.अ.कर	१८००४८०
२२	६०९७०९६२७	फारवेष्ट डेभलपर्स एण्ड सप्लायर्स प्रा.लि.	धनगढी ८, धनगढी गाउँ , कैलाली	राजेश कुमार चौधरी	मू.अ. कर	१२२८४९९
२३	६००९३१०६५	भैरव काली सप्लायर्स	गोदावरी ८, कैलाली	प्रेम सिं कठायत	मू.अ. कर	१०२३१८८
२४	६०३५८६३९०	शुभश्री प्यालेस प्रा.ली.	धनगढी ५, हसनपुर, कैलाली		मू.अ.कर	१६७८७३५
२५	६०३५६९२५८	श्री तुलसी देवि कन्स्ट्रक्सन	घोडाघोडी १, कैलाली		मू.अ.कर	१०९६८३०
२६	६०५४४४८९०	टिकापुर सेनेटरी	टिकापुर १, कैलाली	सिता घिमिरे	मू.अ.कर	११७२८४०
२७	६०४१११६६९	गरुड कन्स्ट्रक्सन	गोदावरी १०, मालाखेती, कैलाली	अशोक मल्ल	मू.अ. कर	९४४४०९
२८	६०६२९६२०३	सिहदेवी अटो सेन्टर	धनगढी ४, तारानगर, कैलाली	तारा गतौला	मू.अ. कर	१२३३६२१
२९	६१०९६६८८२	किसन ट्रेड एण्ड सप्लायर्स	गोदावरी २, अत्तरिया, कैलाली	लाल बाबु प्रसाद	मू.अ. कर	८५८१९६
३०	३००२२४१४८	कालापत्थर ट्रेडर्स	धनगढी ४, गोदावरीरोड, कैलाली	धर्म राज बोहरा	मू.अ.कर	६९६८७५
३१	६०५७६१०९२	लटिनाथ मार्केटिङ्ग	धनगढी ५, तारानगर, कैलाली	राजेन्द्र प्रसाद बिष्ट	मू.अ.कर	९१४५१४
३२	१०७८१३९४९	सौगात इन्टरप्राइजेज	धनगढी ४, मेनरोड, कैलाली	टेक राज भट्ट	मू.अ. कर	५४२०२४
३३	३०३६४१९३७	के.डि.एन. निर्माण कम्पनी प्रा.ली.	जानकी ९,अमरावती, केलाली	धिरेन्द्र शाही	मू.अ. कर	७२५११४
३४	६११६४७१३७	त्रिवेणी डिजल सर्भिस	धनगढी ४, बोराडाडी, कैलाली	हरि सरण बस्नेत	मू.अ. कर	८३६११५
३५	३०२३६९३९५	निडलाशैली सप्लायर्स	गोदावरी १, अत्तरिया,कैलाली	हेमा बोहरा	मू.अ. कर	५५०३३६
३६	६१३८६७८४९	एन. पि. मिडिया सर्भिस	धनगढी ४, उत्तरबेहडी , कैलाली	गोविन्दराज पन्त/वसन्तीकुमारी जोशी	मू.अ.कर	७९९४४३
३७	६०३७५६८१८	जय मालिका भण्डार	धनगढी ३, बिशालनगर , कैलाली	दिव्या भण्डारी	मू.अ.कर	६४४५१३
३८	६०६८५४४३८	भुमिराज बिल्डर्स प्रा. लि.	धनगढी ४, उत्तरबेहडी , कैलाली	अन्जु कुमारी चन्द	मू.अ. कर	८७६९१४
३९	६००३६८३४०	दिनेश ट्रेडिङ हाउस प्रा. लि.	धनगढी ४, चौराहा, कैलाली	श्याम हमाल	मू.अ. कर	७७३५३३
४०	६००९२३२८०	जय बागेश्वरी आयल स्टोर	लम्किचुहा ८, पिपरौवा, कैलाली	महेश्वरी रावल	मू.अ. कर	६४५०८१
४१	३०४३४१६५८	दक्षिणकाली माई गल्ला खरिद बिक्री केन्द्र	लम्किचुहा १०, प्रतापपुर, कैलाली	माधवि थापा	मू.अ. कर	५८४०७५
४२	६०३८२३३८९	न्यु भौनेली सप्लायर्स	गौरीगंगा ७, मसुरिया, कैलाली	सकाम सिह साउद	मू.अ. कर	९७८०५५
४३	३०१६९०५४४	कम्पवायर ट्रेड लिंक्स एण्ड जनरल अर्डर सप्लायर्स	धनगढी ४, कैलाली	निलम शाह (के.सि.)	मू.अ. कर	५७०६०२
४४	६०३५५७७१२	सुदुर फुड इण्डष्ट्रिज	धनगढी १, कैलाली	कविश अग्रवाल	मू.अ. कर	८०८७४२
४५	६१४३४०७१८	रायमाझीके.डि.एन.जे.भी	जानकी ९,अमरावती, केलाली	धिरेन्द्र शाही	मू.अ. कर	५७१४६२
४६	६०१७०६६५३	आर संज्याल सप्लायर्स	बर्दगोरिया १, बौनिया, कैलाली	रंगा देवी जैशी	मू.अ. कर	५३५९८७
४७	६०९५४९९२२	हमेज होटल एण्ड होस्पिटलिटी म्यानेजमेन्ट	धनगढी २, सन्तोषीटोल, कैलाली		मू.अ. कर	६६४७७२
४८	३०६७२८५३१	अमर एण्ड तेज कन्स्ट्रक्सन प्रा.लि.	घोडाघोडी ८, जरही, कैलाली		मू.अ. कर	८६५७४९
४९	३००३८७९७१	श्री हनुमान जनरल स्टोर	धनगढी १, लक्ष्मीनगर, कैलाली	मदन सिटौला	मू.अ. कर	५६४६६७
५०	६०४९९७३९१	विश्वकर्मा डिलिङ उद्योग	टिकापुर १, कैलाली	लोक बहादुर लुहार	मू.अ. कर	५६८३१८
५१	६०४३२१२८८	मायाज डिष्टिब्युटर प्रा.लि.	धनगढी १, कैलाली	दिनेश राज पन्त	मू.अ. कर	५१४६२३
५२	३०१०९५३४५	न्यु अन्नपुर्ण होटल तथा लज	लम्किचुहा १, लम्की, कैलाली	कमला कुमारी ओली	मू.अ. कर	५५०१७६
५३	६१६०६९६१५	किनारा- किङ्गमेकर जे भि	धनगढी ३, चटकपुर, कैलाली	दिनेश बहादुर बोहरा	मू.अ. कर	४६२३९०
५४	६०६२२६०८०	प्रविन सप्लायर्स एण्ड ट्रेडर्स	धनगढी ४, चटकपुर, कैलाली	प्रविण ढकाल	मू.अ. कर	६१९८७८
५५	६०९६६३२१९	रोयल इभान कन्स्ट्रक्सन एण्ड सप्लायर्स	घोडाघोडी १, सुखड, कैलाली	सविना शर्मा	मू.अ. कर	४७५७८२
५६	६०९७६५४५६	वि.एम.जे. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.	लम्किचुहा १, लम्की, कैलाली	जिवन बिष्ट	मू.अ. कर	६८१५८४
५७	६०८९२५२४८	धर्मेश्वर हार्डवेयर एण्ड सप्लायर्स	गोदावरी ८, स्याउले बजार, कैलाली	गंगा देउवा/ दल बहादुर बोगटी	मू.अ. कर	५२६७१०
५८	३०२३७३३४५	दिनेश एफ.एम.प्रा.ली.	धनगढी ४, कैलाली	गोपाल हमाल	मू.अ. कर	६१९८००
५९	३०२८३९६६१	सुदर्शन समाज नेपाल	गोदावरी १, अत्तरिया, कैलाली	सत्य राज उपाध्याय	मू.अ. कर	५४३३३८
६०	३०३६४८२२४	यु.एन. ट्रेड कन्सर्न प्रा.लि.	टिकापुर १, कैलाली	आनन्द हमाल	मू.अ. कर	४७१७१४
६१	६०९७६५४५६	वि.एम.जे. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	लम्किचुहा ३, चिसापानी, कैलाली	जिवन बिष्ट	मू.अ. कर	६८१५८४
६२	६०५८०८२१०	घोडाघोडी स.मिल तथा फर्निचर उद्योग	बर्दगोरिया ५, कैलाली	पदमा देवी बोगटी (बुढा)	मू.अ. कर	५३१०४५
६३	३०२५३८७०४	दिप इलेक्ट्रोनिक्स	टिकापुर १, कैलाली	लोकेन्द्र बहादुर मल्ल	मू.अ. कर	५९३४७७
६४	६०१०६६८४३	रिसव ट्रेडर्स एण्ड कन्सर्न	धनगढी ८ क्यामपसरोड, कैलाली	गिरजेश गुप्ता	मू.अ. कर	४५८२६६
६५	६१५०४७९९३	तुलसी शिशिर सप्लायर्स एण्ड मल्टी ट्रेडर्स	बर्दगोरिया २, बौनिया, कैलाली	तुलसी देवी तिवारी	मू.अ. कर	५३०९४२
६६	३०००० २१२४	दिनेश अटोमोटिभ्स	धनगढी २, मेनरोड, कैलाली	श्याम हमाल	मू.अ. कर	१६६४९३४
६७	६०२५१६१३२	द मां लक्ष्मी ट्रेडर्स	लम्किचुहा १, लम्की, कैलाली	मीना देवी जैसी	मू.अ. कर	४७८९५०
६८	६१५९६०९३७	प्रशंसा - शाही जे/ भी	लम्किचुहा २, मोतिपुर, कैलाली	धिर्घ राज जोशी	मू.अ.कर	४५२१८३
६९	६०१०६१३१४	शिव एण्ड कृष्ण ट्रेडर्स	धनगढी ७, देवहरीया, कैलाली	कृष्ण कुमार राना	मू.अ. कर	४३२२९४
७०	६००६५००१४	आरती निमार्ण सेवा	लम्किचुहा ३, चिसापानी, कैलाली	गंगा बहादुर तिरुवा	मू.अ. कर	५९७२९६
७१	६०९२५०१६७	श्याम खाद्य भण्डार एण्ड आयल स्टोर	घोडाघोडी १२, नगफोरुवा, कैलाली	सिता ऐर	मू.अ. कर	५५१६९७
७२	६०९८४९१३०	आर.वी.इन्जिनियरीङ् ल्याब प्रा.लि.	धनगढी ४, चटकपुर, कैलाली	रोशन प्रसाद भट्ट	मू.अ. कर	४४८७८४
७३	१३४४८०८५९	माहारुद्र ट्रेड सेन्टर	धनगढी ४, बिशालनगर, कैलाली	बिमला देवी साउद	मू.अ. कर	५३९९८४
७४	६०४७९१५७७	साउद । एडभेन्चर । जय गौरी जे.भी.	धनगढी ४, कैलाली	तपेन्द्र बहादुर शाह/चन्द्र शेखर मल्ल/जय बहादुर साउँद	मू.अ. कर	८०७८९७
७५	३०४३४६३८३	दिनेश फर्निचर उद्योग	धनगढी ४, चौराहा, कैलाली	सुरेखा हमाल	मू.अ. कर	६८०९४०
७६	३००२९०९६७	जगदम्बा ट्रेडर्स एण्ड अर्डर सप्लायर्स	धनगढी ३, कैलाली	डम्मर सिंह कार्की	मू.अ. कर	४५३९५७
७७	३०४३४५१३९	सन्देश भाडा हार्डवेयर एण्ड बिजुली भण्डार	धनगढी ४, चटकपुर, कैलाली	लक्ष्मण बहादुर शाह	मू.अ. कर	३७५४५५
७८	६०३९५५३०३	शिवा इन्टरनेश्नल	धनगढी ५, हसनपुर, कैलाली	लक्ष्मण जोशी	मू.अ. कर	६१८२०९
७९	३००२८८२१२	सुदुर पश्चिमाञ्चल वर्क शप उद्योग	धनगढी ४, गोदावरीरोड, कैलाली	हेम राज भट्ट	मू.अ. कर	५४२६१७
८०	३००६३२५५२	एन.आर. केबुल नेटवर्क प्रा.लि.	लम्किचुहा १, लम्की, कैलाली	नेत्र बहादुर थापा	मू.अ. कर	३८७८५७
८१	६०१७०१८९६	इसानी ट्रेडिङ्ग एण्ड सप्लायर्स	धनगढ

वास्तविकता र बयानबाजीको दोसाँधमा म्युनिख सुरक्षा सम्मेलन

अधिकांश जी-७ राष्ट्रका जनताले युद्ध वा जलवायु परिवर्तनले निम्त्याएको बसाइँसराइ र कट्टरपन्थी इस्लामिक आतंकवादलाई प्रमुख चिन्ता मानेका छन्



● पामिर गौतम

अग्रलेख



'वर्तमान समयमा हाम्रो विश्वले अस्तित्वका चुनौतीको सामना गरिरहेको वेला अन्तर्राष्ट्रिय समुदाय भने विगत ७५ वर्षकै तुलनामा सबैभन्दा बढी खण्डित र विभाजित छ,' जर्मनीमा सम्पन्न ६०औँ वार्षिक म्युनिख सुरक्षा सम्मेलनका क्रममा संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसले आफ्नो वक्तव्यमा बताएका छन् । शुक्रबारदेखि आइतबारसम्म आयोजित 'हार-हार ?' शीर्षक रहेको यस वर्षको म्युनिख सुरक्षा सम्मेलनमा रुस-युक्रेन युद्ध, इजरायल-प्यालेस्टाइन द्वन्द्व, विश्वव्यापी शासन व्यवस्था र नयाँ समस्याको सम्बोधन गर्न शासन संयन्त्रका विषयमा केन्द्रित सम्मेलनमा ५० भन्दा बढी सरकार प्रमुख, एक सयभन्दा बढी मन्त्री, सैन्य अधिकारीलगायत नौ सयभन्दा बढी प्रतिनिधिको सहभागिता थियो । सम्मेलनअघि प्रकाशित यस वर्षको सम्मेलनको प्रतिवेदनले बढ्दो भूराजनीतिक तनाव र आर्थिक अनिश्चितताका कारण देशहरूबीच अविश्वास बढेको र यसले गर्दा देशहरू लाभ र नोक्सानीको वितरणमा थप संवेदनशील बन्दै गएको उल्लेख गरेको छ । यस्तो परिस्थितिमा देशहरू विश्वव्यापी सहयोगबाट हुने समग्र लाभको विषयमा ध्यान केन्द्रित गर्नुको सट्टा अन्तर्राष्ट्रिय सहयोगबाट आफूले भन्दा अन्य राष्ट्रले बढ़ी फाइदा लिइरहेको भन्दै चिन्तित बनेका छन् । म्युनिख सुरक्षा प्रतिवेदनले जारी गरेको सुरक्षा सूचकांक २०२४ ले जी-७ र ब्रिक्स राष्ट्रहरू (रुसबाहेक) का जनतामाझ गरेको सर्वेक्षणले त्यहाँका जनताले सुरक्षाका विभिन्न अवयवलाई कसरी हेर्छन् भन्ने दृश्य चित्रण गरेको छ । सूचकांकअनुसार जी-७ देशका ५० प्रतिशतभन्दा बढी उत्तरदाताले आफू पश्चिमी विचारहरूले बनेको संसारमा बाँचिरहेकोमा सहमति जनाए पनि (१२ प्रतिशत असहमत थिए) तिनले समकालीन अन्तर्राष्ट्रिय व्यवस्थासँग असन्तुष्टि जाहेर गरेका छन् । त्यहाँका अधिकांश उत्तरदाताले आगामी दश वर्षमा चीन र ग्लोबल साउथका अन्य शक्तिहरू थप शक्तिशाली हुने, तर आफ्नो देशको शक्ति या त स्थिर रहने वा त्यसमा थप ह्रास आउने बताएका छन् । चीन र भारतका अधिकांश जनताले अबको दश वर्षमा आफ्नो देश थप सुरक्षित र समृद्ध हुने अपेक्षा गरेका छन् भने केवल दश प्रतिशत जापानीले अबको दश वर्षमा आफ्नो देश थप सुरक्षित र समृद्ध हुने विश्वास व्यक्त गरेका छन् । इटली, जर्मनी, फ्रान्स र क्यानडामा चाहिँ यस विषयमा आशाभन्दा निराशा नै बढी देखिएको छ ।

युक्रेनमाथि रुसको आक्रमण र व्यापक भूराजनीतिक प्रतिस्पर्धाले अझै पनि पश्चिमा देशका नागरिकको विचारलाई आकार दिए पनि गत वर्षको तुलनामा यस वर्ष रुसलाई प्रमुख चुनौतीका रूपमा हेर्ने र युक्रेनलाई समर्थन गर्ने संख्यामा कमी आएको छ । त्यस्तै क्यानडा र जापानबाहेक अन्य जी-७ देशमा गत वर्षको तुलनामा चीनप्रति अनुकूल दृष्टिकोण बढेको देखिएको छ । अधिकांश जी-७ राष्ट्रका जनताले युद्ध वा जलवायु परिवर्तनले निम्त्याएको बसाइँसराइ र कट्टरपन्थी इस्लामिक आतंकवादलाई प्रमुख चिन्ताको रूपमा प्रस्तुत गरेका छन् भने जोखिम सूचकांकमा इरानबाट हुन सक्ने खतरामा पनि उल्लेखनीय रूपमा वृद्धि भएको देखाएको छ । चीन र अमेरिका दुवैमा साइबर हमलाहरू अहिले शीर्ष चिन्ताको विषय बनेको छ । त्यस्तै यस प्रतिवेदनले मूलतः अन्तर्राष्ट्रिय समुदायलाई तीन भागमा विभाजित गरेको छ- वर्तमान विश्व व्यवस्थाको प्रमुख चुनौतीका रूपमा चीन, पश्चिमा जी-७, नेटो र युरोपेली संघका सदस्य राष्ट्रहरू र वैश्विक दक्षिणका देश ।

म्युनिख सुरक्षा प्रतिवेदनलाई अध्ययन गर्दा त्यहाँ चिनियाँ खतराको तर्क र भाव प्रस्ट देखिन्छ । प्रतिवेदनअनुसार चीन उदार आर्थिक व्यवस्थाको सबैभन्दा ठूलो लाभार्थी रहेको र त्यसकै चल्ते यो महाशक्ति राष्ट्रका रूपमा स्थापित हुन सकेको भए पनि चीन उदार अन्तर्राष्ट्रिय व्यवस्थाको 'जिम्मेवार सरोकारवाला' बन्न सकेको छैन । यसको ठीकविपरीत चीनसँगको व्यापार सम्बन्ध र त्यसबाट विकसित अन्तरनिर्भरताले लोकतान्त्रिक राष्ट्रहरूलाई उल्टै निरंकुशतामा बढी आश्रित बनाएको र यसले चीनलाई थप आक्रामक र दृढ बनाएको छ । प्रतिवेदनअनुसार ताइवानमाथि चीनको बढ्दो आक्रामक रबैया र यसको सामुद्रिक परिधिको सैन्यीकरणले बेइजिङले पूर्वी एसियालाई आफ्नो प्रभावको विशेष क्षेत्रमा परिणत गर्न खोजिरहेको संकेत गर्छ ।

> आफ्नो रणनीतिक गन्तीमा सबै ठूला शक्तिले सक्रिय रूपमा आफूतर्फ आकर्षण गर्न खोजिरहेको तथ्यलाई पुँजीकरण गर्दै ग्लोबल साउथका धेरै देशले शक्तिशाली राष्ट्रहरूको भूराजनीतिक प्रतिद्वन्द्विताको फाइदा उठाउन थालेका छन्

प्रतिवेदनअनुसार चीनसँगको व्यापारमा निर्भरता घटाउन पश्चिमा देशबीच सहमति बढ्दै गएको छ । यहीअनुरूप जी-७, नेटो र युरोपेली संघका सदस्य राष्ट्रहरूले आफ्नो समृद्धिमा केही कमी आए पनि समान विचार, मूल्य र मान्यतामा आधारित समूहभित्र सहयोग बढाएका छन् । तर, चीनले लामो समयदेखि अमेरिकाले चीनलाई नियन्त्रण गर्न र दबाउन लागिपरेको आरोप लगाउँदै आएको छ । म्युनिख सुरक्षा सम्मेलनमा बोल्दै चिनियाँ विदेशमन्त्री वाङ यीले विश्व अर्थतन्त्र एउटा ठूलो महासागर जस्तै रहेको र त्यसलाई अलगै तालमा काट्न नसकिने बताएका छन् । उनले भने आर्थिक विश्वव्यापीकरणतर्फको प्रवृत्तिलाई उल्ट्याउन नसकिने भएकाले विश्वव्यापीकरणलाई थप विश्वव्यापी लाभकारी र समावेशी बनाउन मिलेर काम गर्न आवश्यक रहेको बताएका वाङ यीले जोखिममुक्तिका लागि संसारमा सबैभन्दा सुरक्षित छन् । रुसको केन्द्रीय-बैंकको सम्पत्ति दुई वर्षका लागि रोक्का गरिएको छ र सञ्चितिमा कुनै उल्लेखनीय प्रभाव परेको छैन । अन्तर्राष्ट्रिय प्रवाहमा कुनै अवरोध भएको छैन । यसर्थमा सम्पत्ति जफत सम्भवतः एक सामान्य घटना हुन सक्छ । आक्रामकताबाट अन्य खराब कर्तालाई रोक्न युक्रेनका आवश्यकता रुसका अगाडि राख्नुपर्छ । भविष्यमा रुसको जस्तै आक्रामक

> यस वर्षको म्युनिख सुरक्षा सम्मेलनको प्रतिवेदनले राष्ट्रबीच शून्य-योगको सोच र सापेक्षिक लाभलाई प्राथमिकता दिने होड बढेको भन्दै यसले विश्वका लागि 'हार-हार'को परिस्थिति निम्त्याउन सक्ने चेतावनी दिएको छ

नाममा चीनलाई अलग्याउन खोज्नेहरूले ऐतिहासिक गल्ती गर्ने चेतावनी दिएका छन् । स्मरण रहोस्, यस वर्षको सम्मेलनको प्रतिवेदनले राष्ट्रहरूबीच शून्य-योगको सोच र सापेक्षिक लाभलाई प्राथमिकता दिने होड बढेको भन्दै यसले विश्वका लागि 'हार-हार'को परिस्थिति निम्त्याउन सक्ने चेतावनी दिएको छ । तर, सोही प्रतिवेदनमा यस्तो परिस्थितिलाई सम्बोधन गर्न प्रस्तावित समाधानमा ट्रान्सएट्लान्टिक साझेदारहरू र समान विचारधारा भएका राष्ट्रहरूले 'राजनीतिक रूपमा समान विचारधारा भएका राष्ट्रहरूसँग' रक्षा र प्रतिरोधमा लगानी गर्न सुझाव दिनु आफैंमा विरोधाभासपूर्ण छ ।

प्रतिवेदनले अघि सारेको तेस्रो प्रकारका राष्ट्र हुन्- वैश्विक दक्षिणका देशहरू, जहाँ वर्तमान अन्तर्राष्ट्रिय व्यवस्थाले सबैलाई फाइदा पुऱ्याउन नसकेको विचार बढ्दै गएको छ । विकासोन्मुख देशले प्रमुख शक्ति राष्ट्रबीचको भूराजनीतिक तनावबाट सबैभन्दा बढी पीडित हुने कुरा बुझेका छन् । यद्यपि ग्लोबल साउथमा यस्ता देश पनि छन्, जसले शक्ति राष्ट्रबीचको तनावबाट भौतिक लाभ र हैसियत दुवैको फाइदा उठाएका छन् । आफ्नो रणनीतिक गन्तीमा सबै ठूला शक्तिले यस्ता राष्ट्रलाई सक्रिय रूपमा आफूतर्फ आकर्षण गर्न खोजिरहेको तथ्यलाई पुँजीकरण गर्दै ग्लोबल साउथका धेरै देशले शक्तिशाली राष्ट्रहरूको भूराजनीतिक प्रतिद्वन्द्विताको फाइदा उठाउन थालेका छन् ।

चीनमाथिको आफ्नो आर्थिक निर्भरता घटाउने पश्चिमा राष्ट्रहरूको नीतिले भारत र मेक्सिकोलाई व्यापार र लगानीको हिसाबले फाइदा पुगेको छ । अन्य धेरै राष्ट्र एकातिर पश्चिम र अर्कोतिर चीन र रुसबीच 'हेजिङ' गरिरहेका छन्, जुन नीतिले उनीहरूलाई कसैसँग सम्बन्ध नबिगारी सबैबाट फाइदा लिन सहज भएको छ । रिपोर्टले भने यस्ता नीति द्विपक्षीय सम्झौता र छोटो अवधिको लाभमा मात्र केन्द्रित भएको र यसले सैद्धान्तिक संलग्नतालाई प्राथमिकतामा नराखेकाले समस्या निम्त्याउने उल्लेख गरेको छ । तर, यो तर्क पूर्वाग्राही देखिन्छ, जसले या त 'हामीसँग' वा 'हामीविरुद्ध' भन्ने मनोवृत्तिलाई प्रस्तुत गरेको छ । भारतीय विदेशमन्त्री जयशंकरले म्युनिख सुरक्षा सम्मेलनमा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेन र जर्मन विदेशमन्त्री एनालेना बेरबकको पनि उपस्थिति रहेको एक अन्तर्क्रियात्मक सत्रमा मध्यस्थकर्ताले भारतले अपनाएको नीतिबारे गरेको प्रश्नलाई सानदार तरिकाले जवाफ दिएका छन् । जयशंकरले भने, 'यो किन समस्या हुनुपर्छ ? यदि म धेरै विकल्प प्रयोग गर्न स्मार्ट छु भने तपाईंले मेरो प्रशंसा गर्नुपर्छ । के यो अरूका लागि समस्या हो ? मलाई लाग्दैन, यो समस्या हो । भिन्न-भिन्न देशले सामना गर्ने विभिन्न स्तरका दबाब हुन्छन् र भिन्न-भिन्न राष्ट्रका फरक-फरक इतिहास र चुनौती छन् । त्यसैले एक-आयामी सम्बन्ध राख्न धेरै गाह्रो छ ।' एक अर्को अवसरमा, विश्वव्यापी दक्षिणी देशबारे बोल्दै जयशंकरले टिप्पणी गरेका थिए, 'जब वास्तविकता बयानबाजीसँग मेल खाँदैन, हामीसँग यसलाई अघि ल्याउने साहस हुनुपर्छ । साँचो ऐक्यबद्धताविना वास्तविक विश्वास हुन सक्दैन । यो ग्लोबल साउथको भावना हो ।' वैश्विक दक्षिणका धेरै देशले रुस-युक्रेन तथा इजरायल-प्यालेस्टाइन युद्धलाई यही नजरले हेरेका छन् ।

म्युनिख सुरक्षा सम्मेलन हुनु केही दिनअघि अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले २०२४ मा आफू निर्वाचित भए नाटो सदस्य राष्ट्रले रक्षा खर्चमा पर्याप्त योगदान नगरे तिनलाई रुससँगको द्वन्द्वमा अमेरिकाले सहयोग नगर्ने र गठबन्धन नै तोड्ने धम्की दिएका थिए । ट्रम्पको अभिव्यक्ति म्युनिख सुरक्षा सम्मेलनमा पनि गुन्जियो, जसले नोभेम्बरमा हुने अमेरिकी चुनावको परिणाम र त्यसले लोकतान्त्रिक राज्यबीचको सहकार्यको भविष्यबारे पश्चिमा राष्ट्रमा नै एक प्रकारको द्विविधा बढाएको छ ।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **शंकर तिवारी**लाई



जारी कांग्रेस महासमिति बैठकलाई कसरी हेर्नुभएको छ ?

कांग्रेस महासमिति बैठकमा केन्द्रीय कार्य समितिबाट पास भएर पेस भएको निर्वाचनअघि गठबन्धन गर्नु हुन्न भन्ने महामन्त्री गगन थापाको सांगठनिक प्रस्तावमा पार्टी सभापति शेरबहादुर देउवाले सुरुमा असहमति जनाए पनि सोमवार मध्यरात सहमति जनाएपछि महासमिति सदस्यहरूमा उत्साह सञ्चरित भएको छ । यसले गर्दा यो महासमिति बैठक कर्मकाण्डी होइन, परिणाममुखी बन्ने सुनिश्चित भएको छ ।

गठबन्धनको विषयमा सभापति र महामन्त्रीबीचको विमतिको अन्तर्य के हो ?

कांग्रेसमा पार्टीको रुख चिह्नमा मत हाल्न नपाउने अवस्थाले गर्दा आममतदाताले कांग्रेस नै बिर्सने अवस्था बनेको थियो । यस्तो अवस्थामा निर्वाचनपूर्व गठबन्धन नगर्ने र निर्वाचनपश्चात् निश्चित मुद्दा र नीति तथा कार्यक्रमका आधारमा सरकार गठनका लागि गठबन्धन गर्ने महामन्त्री थापाको प्रस्तावले आमकार्यकर्तामा उत्साह थपेको छ । पार्टी सभापति शेरबहादुर देउवाले यही कार्यकाल मात्र हेरेर यसको विरोध गरेका छन् भने महामन्त्री गगन थापाले पार्टीको दीर्घकालीन हित हेरेर यस्तो प्रस्ताव गरेका छन् । यस प्रस्तावले अबका निर्वाचनमा कांग्रेसलाई माया गर्ने सबैले रुख चिह्नमै मत हाल्ने अवस्था बनेको छ ।

महासमिति बैठकपछिको कांग्रेसले गति लिन सक्ने सम्भावना कति देख्नुहुन्छ ?

सभापतिले देउवाले महामन्त्री थापाको प्रस्तावमा सहमति जनाएपछि कांग्रेसमा महामन्त्री थापाको कुरा सुनिन्न भन्ने अवस्थाको अन्त्य भएको छ । थापाले आठ बुँदामा विधान संशोधनको प्रस्ताव राखेर आगामी एक वर्षसम्म ती बुँदामाथि पार्टीको तल्लो तहसम्मका नेता, कार्यकर्ताको बृहत्तर सुझाब लिएर अर्को महासमिति बैठकबाट त्यसलाई परिमार्जन गर्ने प्रस्ताव गरेका छन् । यसले पनि पार्टी जीवनमा ऊर्जा थपेको छ

प्रेरक प्रसंग

सिंह र दाउरे

एकजना दाउरे जंगलबाट दाउरा काटेर घरतिर फर्किंदै थियो । बाटामा एउटा भोको सिंह भेटियो । सिंहले दाउरेसँग भन्यो– दाउरे दाइ, आज मैले बिहानदेखि कुनै सिकार भेटिनँ । म अहिलेसम्म भोकै छु । त्यसैले, अब तिमीलाई खाएर म आफ्नो भोक मेट्न चाहन्छु ।

सिंहको कुरा सुनेर दाउरे आत्तियो । तैपनि, धैर्यपूर्वक उसले भन्यो- सिंह भाइ, मलाई खाएर तिम्रो भोक मेटिन्छ भने मलाई कुनै आपत्ति छैन । तर, तिमीले खानुअघि मलाई एकपटक घर जान दिनुपर्छ । घरमा मेरी बिरामी पत्नी र बालिका छोरी भोकै छन् । म यो दाउरा बजारमा लगेर बेच्छु र त्यसबाट केही खानेकुराको व्यवस्था गरेर उनीहरूको भोक मेटाउँछु । अनि मात्र म तिमीकहाँ आउँछु । त्यतिन्जेल तिमी मलाई पर्खिराख ।

दाउरेका कुरा सुनेपछि हाँस्दै सिंहले भन्यो- तिमीले मलाई मूर्ख ठानेका छौ कि के हो ? यहाँबाट फुत्किसकेपछि फेरि तिमी मेरो आहारा बन्न यहीं फर्किन्छौ भनेर कसले विश्वास गर्छ ? दाउरेले सिंहलाई विश्वास दिलाउँदै भन्यो- हेर म साँचो बोल्दै छु । यदि तिमीले मलाई अहिले जान दिएनौ भने म त मर्छु नै, साथमा मेरी बिरामी पत्नी र बालिका छोरी पनि मर्छन् । त्यसैले, मलाई अहिले जान देऊ, म अवश्यै फर्किनेछु ।

दाउरेको अनुनय सुनेपछि सिंहलाई दया लाग्यो । उसले दाउरेलाई जान दियो । दाउरे बजार पुग्यो । दाउरा बेच्यो । खानेकुरा किन्यो र घर पुग्यो । उसले बिरामी पत्नी र बालिका छोरीलाई खाना खुवायो । उनीहरूको पेट भरिसकेपछि ऊ चुपचाप घरबाट निस्कियो र सिंह भएको ठाउँमा पुग्यो ।

यसरी दाउरे आफ्नो आहारा बन्न लुरुलुरु आएको देख्दा सिंह छक्क पऱ्यो । उसलाई दाउरेको इमानदारी देख्दा दया लाग्यो । उसले भन्यो- दाउरे दाइ, तिमी साँच्चै वचनका पक्का रहेछौ । यति इमानदार मान्छेलाई मारेर भोक मेट्नु छैन मलाई । जाऊ तिमीलाई मैले छाडिदिएँ । सिंहको कुरा सुनेपछि दाउरे उसलाई धन्यवाद दिएर घरतिर फर्कियो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

श्रमिकको रकमको ब्याज कहाँ गयो ?

आदरणीय सामाजिक सुरक्षा व्यवस्थापन कोषका सञ्चालकज्यू,

सामाजिक सुरक्षा कार्यविधि २०७५ कार्यान्वयनमा आएदेखि देशका कामदार तथा कर्मचारीले नियमबमोजिम जम्मा गर्दै आइरहेको अहिलेसम्मको रकममा यस कोषले एक सुको पनि ब्याज दिएको छैन । जब कि कर्मचारी सञ्चयकोषले सातदेखि आठ प्रतिशतसम्म ब्याज दिँदै आएको छ । सामाजिक सुरक्षा कोष चलाउने निकाय र अधिकारीहरूको स्वार्थपूर्ण गलत नियत र नियमका कारण देशका कामदार तथा कर्मचारीहरूमा नकारात्मक प्रभाव पर्दै गएको छ । त्यसैले, यसको उचित समाधान गरी उचित ब्याजदर तत्काल निर्धारण गरियोस् ।

● **उमेशदेव साह**, डिएम, गुण नियन्त्रण विभाग
वीरगन्ज, पर्सा, मधेश प्रदेश
umeshmicrobiology@gmail.com

महामन्त्री गगनको प्रस्ताव ठीक

कांग्रेसमा चार वर्षपछिको मुद्दामा अहिले नै तनाव सुरु भएछ । तर, यस तनावमा पार्टी सभापति शेरबहादुर देउवा र उनको पक्षको दाबी बिल्कुलै गलत छ । उनीहरूलाई गठबन्धनको कुरा उप्काउँदा सत्तास्वर्ग गुम्ने त्रास छ । नत्र, निर्वाचनअघि नै गठबन्धन गरी आफ्नो पार्टीका नेता, कार्यकर्ता र समर्थक जनतालाई समेत अर्कै पार्टीको निर्वाचन चिह्नमा मत दिन लगाउनु कसरी सही हुन सक्छ । यस मामिलामा महामन्त्री गगनको प्रस्ताव नै ठीक छ ।

● **अनिल सुवेदी**
कुलेश्वर, काठमाडौं

निर्वाचनपछि नै गठबन्धन ठीक

कांग्रेसमा निर्वाचनअघि नै गठबन्धन गर्ने कि निर्वाचनपछि भन्ने विषयमा व्यापक विवाद चलिरहेको छ । तर, निर्वाचनअघिको गठबन्धनभन्दा निर्वाचनपछिको गठबन्धन नै ठीक हुन्छ । निर्वाचनपछि सरकार निर्माणका लागि आवश्यक गणितअनुसारको गठबन्धन गर्दा निश्चित मुद्दा र नीति तथा कार्यक्रममा सहमति गरिने हुनाले त्यस्तो गठबन्धनको अर्थ र औचित्य साबित हुन सक्छ । तर, निर्वाचनअघि नै गरिने गठबन्धन निर्वाचन परिणामपछि भत्किन पनि सक्छ । राजनीतिक जोडघटाउका आधारमा मात्र यो चल्न सक्छ ।

● **सर्वोत्तम महर्जन**
रातोपुल, काठमाडौं

सडकपेटी केका लागि ?

सहरबजारका पसलमा सडकपेटी राखिएका हुन्छन् । ती सडकपेटी पसलका सामान राख्नका लागि बनाइएका हुन् कि पैदलयात्रुको आवतजावतका लागि ? काठमाडौं महानगरले फुटपाथ व्यापार हटाएको विरोधमा व्यापारीले आन्दोलन गरिरहेका छन् । तर, यो उनीहरूको स्वीकारयोग्य विरोध होइन । अभियन्ता ईःलगायतले पनि सडक व्यापारीको पक्षमा आन्दोलन गरेको देख्दा अचम्म लाग्छ । सही के हो र गलत के हो भन्ने सोच्दै नसोची महानगरविरुद्ध आन्दोलन गर्नु ठीक होइन ।

महानगरले राजधानी सुन्दर बनाउन थालेको अभियानमा किन चौतर्फी विरोध हुँदै छ ? राम्रो कामको सबैले समर्थन गर्नुपर्छ । राम्रो काम गर्न लाग्यो गर्न नदिने अनि गरेन भनेर कराउने यो कस्तो दोहोरो चरित्र हो ? महानगरका मेयर बालेन्द्र शाहको विरोधमा सारा राज्य लागिपरेको छ । उनलाई असफल बनाउन पाइयो भने हामी सफल हुन्छौं भन्ने दलहरूले सोचेका छन् । दलहरू जनताका हित छाडेर मेयरको विरोधमा लाग्नु गलत हो । राजधानी सफा र सुन्दर भए त्यसको श्रेय सरकारलाई पनि जान्छ, मेयरलाई मात्र होइन ।

काम गरेर खाने भन्दैमा सडकपेटीमाथि अतिक्रमण गर्न मिल्दैन । आफ्नो स्वार्थका लागि फुटपाथ अतिक्रमण गर्न कुनै हालतमा पाइँदैन । महानगरले फुटपाथ व्यापारी सबैको व्यवस्थापन गर्नुपर्छ भन्ने होइन । त्यसको जिम्मा राज्यले लिनुपर्छ । बोल्न पाउने अधिकार छ भन्दैमा सीमाबाहिर गएर बोल्न त भएन नि ! फुटपाथ व्यापारीहरू सडकपेटीमा पसल राख्न पाउनुपर्छ भनेर आन्दोलन गरिरहेका छन्, तर यो कदापि ठीक होइन ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

रुसी सञ्चित कोष जफत गरिनुपर्छ

रुसको आक्रामकता एवं विनाशलाई हेर्दा उसको केन्द्रीय बैंकको सम्पत्ति जफत गरिनु अन्तर्राष्ट्रिय कानुनअनुसार स्वीकार्य हुनुपर्छ



देश / विदेश

● मिसेल आर स्ट्रेन

पछिल्लो केही वर्षअघि युक्रेनमाथि रुसको आक्रमणपछि अमेरिकालगायत पश्चिमा सरकारले रुसको केन्द्रीय बैंकको तीन खर्ब डलर रोक्का गरिदिएका थिए, अर्थात् मुलुकको आधा विदेशी सञ्चिति र सुन सञ्चिति रोक्का भएको थियो । रुसले युद्धका लागि रकम प्रयोग नगरोस् वा अमेरिका र युरोपेली आर्थिक नाकाबन्दीलाई भुत्ते नपारोस् भनेर यो रोक्का गरिएको थियो ।

रुसी सम्पत्तिलाई रोक्का लगाउनु पश्चिमा प्रतिक्रियाको आक्रामकता हो । तर, केही अधिकारी र टिप्पणीकर्ताले रोक्का गरिएको रुसी सम्पत्ति युक्रेन पुनर्निर्माणमा प्रयोग गर्न माग गरिरहेका छन् । यो महिना रिपब्लिकन पार्टीभित्रको प्राथमिक प्रतिस्पर्धामा डोनाल्ड ट्रम्पलाई चुनौती दिइरहेकी निक्की हेलीले रुसी रोक्का सम्पत्ति युक्रेन पुनर्निर्माणमा प्रयोग गर्नुपर्ने माग गरेकी छिन् । उनले ब्लुमबर्ग न्युजलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिन 'एक स्वतन्त्र मुलुकमाथि अतिक्रमण गर्ने ठग एवं युद्ध अपराधी' भएको बताएकी थिइन् । उनका अनुसार पुटिनले आफ्नो कर्मको फल व्यहोर्नुपर्नेछ । यसैकारण हेली रिबिल्डिङ इकोनोमिक प्रोस्पेरिटी एन्ड अपर्चुनिटी (रेपो) फर युक्रेनियन ऐनलाई समर्थन गर्छिन् । गत महिना २० विरुद्ध एक मतले यो विधेयकलाई अमेरिकी सिनेटको विदेश सम्बन्ध समितिले प्रस्तुत गर्न अनुमति दिएको थियो । यदि रेपो कानुन बन्छ भने अमेरिकाले पहिलोपटक आफूले युद्ध नगरिरहेको मुलुकको केन्द्रीय बैंकको सम्पत्ति जफत गर्न सक्नेछ ।

रुसी सम्पत्ति जफत गर्नुका पछाडि सोझो कारण छ । रुसले कुनै कारणविनै छिमेकी मुलुकमा नृशंस अतिक्रमण गरेर आमजनताको हत्या र सम्पत्ति तहसनहस गरेको छ । युद्ध र कोभिड महामारीभन्दा पहिले सन् २०१९ मा युक्रेनको कुल गार्हस्थ उत्पादन एक खर्ब ५४ अर्ब डलर थियो । अहिले विश्व बैंकका अनुसार युक्रेनलाई आगामी १० वर्षभित्रमा पुनर्निर्माण र पुनर्वहालीका लागि ११ अर्ब डलरबराबरको रकम लाग्नेछ । निश्चय नै यो खर्चको जिम्मेवारी सबैभन्दा पहिला रुसले नै लिनुपर्नेछ । त्यसपछि मात्र युक्रेन, अमेरिका र युरोपेली मुलुकले लिनेछन् । तर, रुसी सम्पत्ति जफत गर्नुभन्दा पहिले सचेत हुन जरुरी छ । केही आलोचकका अनुसार रुसी सम्पत्ति सार्वभौम प्रतिरक्षाअनुरूप जोगिन सक्छ । यदि रुसी सम्पत्ति जफत हुन्छ भने अन्य मुलुक आफ्नो डलर वा युरो सञ्चितिमा राख्न चाहन्नन् । त्यसैगरी डलरको प्रभुत्वमा खतरा पर्न सक्छ र अन्तर्राष्ट्रिय व्यापार एवं वित्तमा असर पर्न सक्छ । यति मात्रै नभई खराब कर्ता मुलुक आफ्नो सम्पत्ति आफैंले जफत गराउन उद्यत हुन सक्छन् । यी चासो निश्चय नै वैधानिक हुन्, तर अन्तिम भने होइनन् । रुसको आक्रामकता एवं विनाशलाई हेर्दा केन्द्रीय बैंकको सम्पत्ति जफत अन्तर्राष्ट्रिय कानुनअनुसार स्वीकार्य हुनुपर्छ । यसका लागि पहिले नजिर नै बसेको छ । सन् १९९२ मा अमेरिका र युरोपेली संघले सद्दाम हुसेनको इराकी सत्ताले प्रताडित कुवेत र अन्य राज्यलाई क्षतिपूर्ति दिन इराकी राज्यको सम्पत्ति जफत गरेका थिए ।

यसबाहेक विश्वव्यापी सञ्चित मुद्राका रूपमा डलरको विकल्प छैन र पश्चिमा वित्तीय संस्था लगानीकर्ताका लागि संसारमा सबैभन्दा सुरक्षित छन् । रुसको केन्द्रीय-बैंकको सम्पत्ति दुई वर्षका लागि रोक्का गरिएको छ र सञ्चितिमा कुनै उल्लेखनीय प्रभाव परेको छैन । अन्तर्राष्ट्रिय प्रवाहमा कुनै अवरोध भएको छैन । यसर्थमा सम्पत्ति जफत सम्भवतः एक सामान्य घटना हुन सक्छ । आक्रामकताबाट अन्य खराब कर्तालाई रोक्न युक्रेनका आवश्यकता रुसका अगाडि राख्नुपर्छ । भविष्यमा रुसको जस्तै आक्रामक



तस्बिर : दिमित्रो स्मोलिएन्को/युक्रिनफोर्म

कार्यको प्रोत्साहनलाई रोक्न रुसलाई कडा दण्ड दिइनुपर्छ । सम्पत्ति जफत कानुनलाई अनुमोदन गरेर हेली युक्रेनसाथ उभिएकी छिन्, जबकि धेरै रिपब्लिकन सिनेटर र सदनका सदस्यले यो कानुनलाई बेवास्ता गरेका छन् । उनको यस अडानका कारण उनी रिपब्लिकन पार्टी, मुलुक र विश्वकै लागि राष्ट्रपति पदमा उम्मेदवार हुन योग्य छिन् । उनको अडान डोनाल्ड ट्रम्पभन्दा विपरीत छ । ट्रम्पको दोस्रो विश्वयुद्धपछिको उदारवादी अन्तर्राष्ट्रिय व्यवस्थाप्रतिको प्रतिबद्धतामा पहिल्यै सन्देह थियो । ट्रम्पले नेटोप्रति आफ्नो वित्तीय दायित्व पूरा नगर्ने अमेरिकी सहयोगीलाई आक्रमण गर्न रुसलाई 'प्रोत्साहित' गर्ने बताएका थिए । यस सन्दर्भमा हेलीले ब्लुमबर्गलाई 'केही दिनयता ट्रम्पले नेटोको सट्टा पुटिनलाई साथ दिएका छन् । युक्रेन र हाम्रा साझेदारलाई उपेक्षा गर्ने उनको इच्छाले हरेक अमेरिकीलाई खतरामा पारेको छ । हाम्रो जोड जहिले पनि युद्ध रोक्न र हाम्रा सेनालाई क्षतिबाट टाढा राख्नमा हुनुपर्छ । र, यसो गर्नका लागि हामीलाई नैतिक स्पष्टता भएको राष्ट्रपति चाहिन्छ,' भनेकी छिन् ।

रुसी सम्पत्ति जफत गर्ने वा नगर्ने भन्नेमा बहस गर्नुका सट्टा अमेरिका र यसका साझेदारले कसरी रुसी सम्पत्तिलाई स्थानान्तरण गर्ने, कसरी युक्रेनको पुनर्निर्माणमा जफत गरिएको रुसी सम्पत्ति प्रयोग गर्नेलगायत जटिल प्रश्नको उत्तर खोज्नुपर्छ । विश्वव्यापी नेतृत्वबाट अमेरिका पछि हट्नुले अमेरिकी गठबन्धनलाई कमजोर बनाएको छ र विश्वभरका तानाशाह, ठग एवं अधिनायकवादीलाई प्रोत्साहित गरेको छ । तर, यो गल्तीलाई सच्याउन सकिन्छ । दोस्रो विश्वयुद्धको अन्त्यदेखि उदार अन्तर्राष्ट्रिय व्यवस्था नै समृद्धिको आधार हो । यसले दमनकारी शासन र आक्रामक राज्यमाथि अंकुश लगाएको छ र व्यापार फस्टाउनका लागि आवश्यक शान्ति र स्थिरता प्रदान गरेको छ । रुसको सम्पत्ति जफत गर्नाले युद्धपछिको कमजोर प्रणालीलाई पुनर्जीवित गर्नेछ । सम्पत्ति जफत अभूतपूर्व हुनेछ भन्ने तथ्य नै सम्पत्ति जफत गर्नुपर्ने अर्को कारण हो । जफत जोखिमपूर्ण भए पनि जोखिम लिन आवश्यक छ ।

(स्ट्रेन अमेरिकन इन्टरप्राइज इन्स्टिच्युटस्थित इकोनोमिक पोलिसी स्टडिजका निर्देशक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

अमेरिका सुपुर्दगी रोक्न बेलायती अदालतमा असान्जको अन्तिम प्रयास

लन्डन/ बेलायतको उच्च अदालतले विकिलिक्सका संस्थापक जुलियन असान्जलाई सुपुर्दगी गर्नुपर्ने अमेरिकाको अनुरोधविरुद्ध असान्जको अपिलमा मंगलबार र बुधबार सुनुवाइ तोकेको छ। असान्ज अमेरिका सुपुर्दगी भए भने उनलाई अधिकतम १७५ वर्षको जेल सजायसम्म हुन सक्छ। असान्जकी पत्नी स्टेलाले त्यस्तो सजाय असान्जका लागि मृत्युदण्डको हुने चिन्ता व्यक्त गर्दै आएकी छिन्। 'उनको शारीरिक र मानसिक स्वास्थ्य दुवै कमजोर हुँदै गएको छ। उनको जेलजीवन हरेक दिन कष्टकर बन्दै गएको छ। उनलाई सुपुर्दगी गरियो भने त्यो मृत्युदण्ड दिइएबराबर हुन्छ,' स्टेला असान्जले हालै पत्रकारहरूलाई बताइन्।



यदि ब्रिटिस अदालतले बुधबार असान्जविरुद्ध निर्णय सुनायो भने उनको कानुनी टोलीले 'मानव अधिकारको लागि युरोपेली अदालत'मा अपिल गर्ने योजना बनाएको छ। तथापि युरोपेली अदालतले असान्जअनुकूल फैसला नै गऱ्यो भने पनि त्यसवेलासम्म असान्ज अमेरिका सुपुर्दगी भइसकेका हुन सक्नेछन्। मंगलबार र बुधबारको सुनुवाइका क्रममा बिरामीका कारण असान्ज अदालतमा उपस्थित नहुने उनका वकिलले जानकारी दिए। तर, अमेरिकाले निरन्तर असान्जको सुपुर्दगीका लागि दबाब दिइरहेको छ। अमेरिकाको पूर्वी भर्जिनियास्थित जिल्ला अदालतमा असान्जविरुद्ध जासुसीका १७ आरोप दर्ता भएका छन्। ती आरोप सबै असान्जले उनको वेबसाइट विकिलिक्समा प्रकाशित गरेका लाखौँ पृष्ठको गोप्य दस्ताबेजसँग सम्बन्धित छन्। अमेरिकी सरकारी वकिलहरूले असान्जविरुद्ध दायर गरेका मुद्दामा उनले अमेरिकी गुप्तचर विश्लेषक चेल्सी म्यानिङसँग मिलेर ती गोप्य कागजात हासिल गर्न पेन्टागनको सर्भर ह्याक गर्न षड्यन्त्र गरेको आरोप लगाइएको छ। पश्चिमी मिडियाले पनि पछ्याएको उक्त लिकमा अमेरिकी सेनाले इराक र अफगानिस्तानमा गरेको युद्ध अवराधका विवरण समावेश छन्।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
घर तल्ला वा भवन भाडामा लिने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८०/११/०९

यस बैंकलाई निम्न उल्लेखित स्थानमा घर तल्ला वा भवन भाडामा आवश्यक भएको हुँदा भाडामा दिन इच्छुक व्यक्ति वा संस्थाले आफूले लिन चाहेको मासिक बहाल रकम उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १४(चौध) दिन भित्र तल उल्लेखित ठेगानामा प्राप्त हुने गरी प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ। निम्न उल्लेखित इमेलमा पनि प्रस्ताव पेश गर्न सकिनेछ।

सि.नं	प्रदेश	जिल्ला	स्थान	विवरण
१	बागमती	धादिङ	धार्के, धुनीबेंशी नगरपालिका	शाखा कार्यालय सञ्चालनका लागि भुई तल्ला वा पहिलो तल्लामा करिब १,५०० वर्ग फिट देखि २,५०० वर्ग फिट सम्म क्षेत्रफल भएको घरतल्ला वा भवन
२	बागमती	धादिङ	गजुरी, गजुरी गाउँपालिका	
३	गण्डकी	स्याङ्जा	वालिङ, वालिङ नगरपालिका	
४	कर्णाली	दैलेख	दुल्लु, दुल्लु नगरपालिका	
५	सुदुरपश्चिम	डडेल्धुरा	अमरगढी, अमरगढी नगरपालिका	
६	सुदुरपश्चिम	दार्चुला	महाकाली, महाकाली नगरपालिका	

क) प्रस्तावसँग पेश गर्नुपर्ने कागजातहरु

१. भाडामा दिने प्रस्तावित भवनको फोटो सहितको Location Map,
२. स्वीकृत नक्सा तथा निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपी तथा जग्गाको नापि नक्साको प्रतिलिपी,
३. जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी
४. घर जग्गा धनीको/अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, सम्पर्क ठेगाना तथा टेलिफोन/मोबाईल नम्बर।

ख) अन्य शर्तहरु

१. भुई तल्लालाई विशेष प्राथमिकता दिइनेछ।
२. पिलर सिस्टमबाट निर्मित तथा ३ फेजको विद्युत लाईन जडित र पार्किङको प्रशस्त सुविधा भएको घर-तल्लालाई विशेष प्राथमिकता दिइनेछ।
३. प्रस्तावित भवनको भुई तल्लामा मुल सडक तर्फ ATM को लागि ५ फिट x १० फिट क्षेत्रफल भएको कोठा-१ अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।
४. प्रस्तावित भवन मुल सडकसँग जोडिएको तथा सो भवनको मोहडा मुल सडक तर्फ भएको हुनुपर्नेछ।
५. प्रस्तावित भवन नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसार सार्वजनिक बाटोको क्षेत्रमा नपर्ने गरी निर्माण गरेको हुनुपर्नेछ।
६. प्रस्तावित भवनमा जेनेरेटर राख्नको लागि आवश्यक स्थान, गाडं रुमको लागि १ वटा कोठाको समेत व्यवस्था हुनुपर्नेछ।
७. घरतल्ला /भवन भाडामा दिने अवधि कम्तिमा दश वर्षको हुनुपर्नेछ।
८. स्वामित्व सम्बन्धी विवाद भएको भवन बैंकलाई मान्य हुने छैन।
९. प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बैंकसंग सुरक्षित रहनेछ।

प्रस्ताव पेश गर्नुपर्ने ठेगानाः
सामान्य सेवा विभाग
कर्पोरेट कार्यालय, नारायणहिटी पथ, काठमाण्डौ
फोन नं. ९७७ १ ४५२७८४२, फ्याक्स नं. ९७७ १ ४५२७०४४
Email: - gsd@ctznbank.com

Citizens Bank

कुमारी बैंक लिमिटेड शाखा कार्यालय विरगंजको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/११/०९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय विरगंजबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको ल ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूँचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
१. **श्याम किशोर महतो** ना.प्र.नं.: ११५/९४२ जारी मिति : २०५२/०५/२३ जि.प्र.का. बारा बाबु : रोअन महतो थारु बाजे : गर्भु महतो थारु स्थायी ठेगानाः बारा जिल्ला, डुमरबाना गा.वि.स., वडा नं.०८ हालको ठेगानाः बारा जिल्ला, जीतपुर्रासमरा उ.म.न.पा., वडा नं. १४	१. **फुल कुमारी**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, डुमरबाना गा.वि.स., वडा नं.०८ स्थित कि.नं. ३०५५ को क्षेत्रफल ०-८-५ (वि.क.धु) को घर/जग्गा तथा लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **रोअन महतो थारू**
ना.प्र.नं.: ७६३/१३८०
जारी मिति : २०३४/०३/०३, जि.प्र.का. बारा
बाबु : गर्भु महतो थारु
बाजे : बताही महतो थारु
स्थायी ठेगानाः बारा जिल्ला, डुमरबाना गा.वि.स., वडा नं.०८
हालको ठेगानाः बारा जिल्ला, जीतपुर्रासमरा उ.म.न.पा., वडा नं. १४

२. **फुल कुमारी**
ना.प्र.नं.: २९५८१३०१/७६४
जारी मिति : २०३४/०३/०२ जि.प्र.का. बारा
बाबु : जनक दास चौधरी
बाजे : तितर दास चौधरी
स्थायी ठेगानाः बारा जिल्ला, डुमरबाना गा.वि.स., वडा नं.०८
हालको ठेगानाः बारा जिल्ला, जीतपुर्रासमरा उ.म.न.पा., वडा नं. १४

३. **मानमति देवी महतो**
ना.प्र.नं.: ५५८९/२१८०४
जारी मिति : २०६३/०७/१६, जि.प्र.का. बारा
बाबु : बताही महतो थारु
बाजे : तुलसी महतो
स्थायी ठेगानाः बारा जिल्ला, डुमरबाना गा.वि.स., वडा नं.०८
हालको ठेगानाः बारा जिल्ला, जीतपुर्रासमरा उ.म.न.पा., वडा नं. १४

४. **सरू कुमारी चौधरी**
ना.प्र.नं.: ३३:०२:७४:०२४५२,
जारी मिति : २०७४/०६/२७ जि.प्र.का. बारा
बाबु : श्याम किशोर महतो
बाजे : रोअन महतो थारु
स्थायी ठेगानाः बारा जिल्ला, जीतपुर्रासमरा उ.म.न.पा., वडा नं. १४
हालको ठेगानाः ऐ.ऐ

४. **विकी कुमार चौधरी**
ना.प्र.नं.: ३३:०२:७६:०१२५२,
जारी मिति : २०७६/०२/३०, जि.प्र.का. बारा
बाबु : श्याम किशोर महतो
बाजे : रोअन महतो थारु
स्थायी ठेगानाः बारा जिल्ला, जीतपुर्रासमरा उ.म.न.पा., वडा नं. १४
हालको ठेगानाः ऐ.ऐ

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय विरगंज फोन नं.०५१-५२५८१३/१४

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/११/०९ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखितको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

क्र.स	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	१. ओभरड्राफ्ट सुविधा २. डिमाण्ड कर्जा	**ऋणीको नामः आदर्श ट्रेडिङ्ग कन्सर्न** (प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपुरमा दर्ता रहेको) दर्ता नं.: २२/७७/०७८ दर्ता मितिः २०७७/११/०३ स्थायी लेखा नं.: ६०८७५०६३५ ठेगानाः नवलपरासी (ब.सु.पू) जिल्ला, गैंडाकोट न.पा. वडा नं. २, भृकुटी चोक। **साझेदार तथा जमानतकर्ताहरुः** **१. गणेश उपाध्याय** ना.प्र.प.नं. (जारी मिति/स्थानः) १२६५६-३६५९ (२०५८/०२/३१/नवलपरासी) बाजेको नामः घनश्याम शर्मा पौडेल बाबुको नामः हरि प्रसाद उपाध्याय ठेगानाः नवलपरासी (ब.सु.पू) जिल्ला, गैंडाकोट.न.पा. वडा नं. १। **२. गोपाल पराजुली** ना.प्र.प.नं. (जारी मिति/स्थानः) १६७४३ (२०५७/०२/०३/नवलपरासी) बाजेको नामः काली प्रसाद पराजुली बाबुको नामः हरि प्रसाद पराजुली ठेगानाः नवलपरासी जिल्ला, तमसरिया गा.वि.स. वडा नं. ७। **३. दिपेन्द्र पौडेल** ना.प्र.प.नं. (जारी मिति/स्थानः) १३७८ (२०५१/०९/०५/बर्दिया) बाजेको नामः रूपपाइत पौडेल बाबुको नामः ऋषिराम पौडेल ठेगानाः बर्दिया जिल्ला, गुलरिया.न.पा. वडा नं. २। व्यक्तिगत जमानतकर्ताहरुः **१. रन्जना रेग्मी** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ६५०५/२१३८ (२०५९/१०/०९/दाङ) बाबुको नामः श्याम कुमार शर्मा ससुराको नामः हरि प्रसाद उपाध्याय पतिको नामः गणेश उपाध्याय ठेगानाः दाङ जिल्ला, त्रि.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, गैंडाकोट न.पा. वडा नं. १। **२. राधा पौडेल** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ३१७३३ (२०६१/०१/०९/बर्दिया) बाबुको नामः दुर्गा प्रसाद घिमिरे ससुराको नामः ऋषिराम पौडेल पतिको नामः दिपेन्द्र पौडेल ठेगानाः बर्दिया जिल्ला, गुलरिया.न.पा. वडा नं. ७।	घनश्याम शर्मा पौडेलको नाति, हरि प्रसाद उपाध्यायको छोरा, नवलपरासी (ब.सु.पू) जिल्ला, गैंडाकोट न.पा. वडा नं. १ बस्ने **गणेश उपाध्याय**को नाममा मालपोत कार्यालय नवलपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपुर जिल्ला, गैंडाकोट न.पा. वडा नं. १ स्थित कि. नं. ४०२५ र ४०३० को क्षेत्रफल क्रमशः ०-६-०-० र ०-१२-१-० (वि.-क.-धु.-क.) को जग्गाहरू र उक्त जग्गाहरूमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
२.	क्रेडिट कार्ड	**ऋणीको नामः गणेश उपाध्याय** ना.प्र.प.नं. (जारी मिति/स्थानः) १२६५६-३६५९ (२०५८/०२/३१/नवलपरासी) बाजेको नामः घनश्याम शर्मा पौडेल बाबुको नामः हरि प्रसाद उपाध्याय ठेगानाः नवलपरासी (ब.सु.पू) जिल्ला, गैंडाकोट.न.पा. वडा नं. १।	
३.	आवधिक कर्जा	**ऋणीको नामः निडलाशैनी किराना पसल** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग मा दर्ता रहेको) दर्ता नं.: २०१४/०७७/७८ दर्ता मितिः २०७७-१२-१९ स्थायी लेखा नं.: ६१५६८७७१३ ठेगानाः कञ्चनपुर जिल्ला, बेलौरी न.पा., वडा नं. ९। **प्रोप्राईटरः** **मिना रावत** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ७५-०१-७३-००८४४ (२०७३/०२/०६/ कञ्चनपुर) बाबुको नामः प्रेम सिंह कठायत ससुराको नामः हरि सिंह रावत पतिको नामः पदम सिंह रावत ठेगानाः कञ्चनपुर जिल्ला, बेलौरी न.पा.,वडा नं.१२। **व्यक्तिगत जमानतकर्ताः** **पदम सिंह रावत** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ५७४७८४३० (२०५९/०९/०१/कञ्चनपुर) बाजेको नामः राम सिंह रावत बाबुको नामः हरि सिंह रावत ठेगानाः कञ्चनपुर जिल्ला, झलारी गा.वि.स., वडा नं. ७ भई हाल कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. ९।	राम सिंह रावतको नाति, हरि सिंह रावतको छोरा, कञ्चनपुर जिल्ला, झलारी गा.वि.स., वडा नं. ७ भई हाल कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. ९ बस्ने **पदम सिंह रावत**को नाममा मालपोत कार्यालय, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, रामपुर बिलासीपुर गा.वि.स./न.पा., वडा नं. ०९ स्थित कि.नं. ४५८ को क्षेत्रफल १९४५.०० व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
४.	ओभरड्राफ्ट सुविधा	**ऋणीको नामः सूर्य ज्योति ज्वेलर्स** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगरमा दर्ता रहेको) दर्ता नं.: ३५९२६/०७८/७९ दर्ता मितिः २०७८/०४/१७ स्थायी लेखा नं.: ६०८४२८९२७ ठेगानाः मोरङ जिल्ला, सुन्दरहरैचा न.पा., वडा नं. ९, विराटचौक। **प्रोप्राईटरः** **जिवन कुमार विश्वकर्मा** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ०५-०१-७४-११२७८(२०७४/१०/०२/मोरङ) बाजेको नामः जय बहादुर विश्वकर्मा बाबुको नामः गंगा बहादुर विश्वकर्मा ठेगानाः मोरङ जिल्ला, सुन्दरहरैचा न.पा., वडा नं. ९। व्यक्तिगत जमानतकर्ताहरुः **१. गंगा बहादुर विश्वकर्मा** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ३८३८/१७४ (२०४६/०२/२५/मोरङ) बाजेको नामः रत्न बहादुर विश्वकर्मा बाबुको नामः जय बहादुर विश्वकर्मा ठेगानाः मोरङ जिल्ला, हरैचा गा.वि.स., वडा नं. ६। .२. **फुल माया विश्वकर्मा** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ०५३०६३/२०३ (२०६३/१२/०९/मोरङ) बाबुको नामः श्रीबहादुर विश्वकर्मा ससुराको नामः जय बहादुर विश्वकर्मा पतिको नामः गंगा बहादुर विश्वकर्मा ठेगानाः मोरङ जिल्ला, हरैचा गा.वि.स., वडा नं. ५। **३. उद्धव कुमार गजमेर** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ०५१००६/९२७ (२०६७/१२/०१/मोरङ) बाजेको नामः जय बहादुर विश्वकर्मा बाबुको नामः गंगा बहादुर विश्वकर्मा ठेगानाः मोरङ जिल्ला, इन्द्रपुर गा.वि.स., वडा नं.८। **४. दुर्गा माया विश्वकर्मा** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ०६-०२-७१-०४२११ (२०७१/१२/२२/सुनसरी) बाबुको नामः चक बहादुर विश्वकर्मा ससुराको नामः गंगा बहादुर विश्वकर्मा पतिको नामः उद्धव कुमार गजमेर ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ११।	श्रीबहादुर विश्वकर्माको छोरी, जय बहादुर विश्वकर्माको बुहारी, गंगा बहादुर विश्वकर्मा को पत्नी, मोरङ जिल्ला, हरैचा गा.वि.स., वडा नं. ५ बस्ने **फुल माया विश्वकर्मा**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, हरैचा गा.वि.स/न.पा., वडा नं. ९/ग स्थित कि.नं. ३८६३ को क्षेत्रफल ०-०-१०-० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
५.	सवारीसाधन कर्जा	**ऋणीको नामः शुभश्री क्रियसन नेपाल प्रा.लि.** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय मा दर्ता रहेको) दर्ता नं.: २६२५१०/७७/०७८ दर्ता मितिः २०७८/०१/०७ स्थायी लेखा नं.: ६१५८६६२५७ ठेगानाः काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं. १, दरबारमार्ग। **संचालक तथा जमानतकर्ताहरुः** **१. अनिता रेग्मी** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ३४१०२२/६८५८(२०६६/०२/१७/पर्सा) बाजेको नामः बंशी प्रसाद रेग्मी बाबुको नामः शिव कुमार रेग्मी ठेगानाः पर्सा जिल्ला, बिरगंज उ.म.न.पा. वडा नं. १७। **२. सुदिप चन्द्र बखेल** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ३४१०२९/३४ (२०६४/११/२२/पर्सा) बाजेको नामः तुलसी प्रसाद बखेल बाबुको नामः चन्द्र प्रसाद बखेल ठेगानाः पर्सा जिल्ला, गाढी गा.पा/उ.म.न.पा. वडा नं. ८। **३. मन्द्रीका देवी पटेल** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ३४१०२२/५१२ (२०६४/०१/२०/पर्सा) बाबुको नामः चन्द्रशेखर प्रसाद जैसवार ससुराको नामः राम नारायण पटेल पतिको नामः बिरेन्द्र प्रसाद पटेल ठेगानाः पर्सा जिल्ला, बिरगंज उ.म.न.पा. वडा नं. १७।	धनी एनएमबि बैंक लि./ऋणी शुभश्री क्रियसन नेपाल प्रा.लि. को नाममा बास्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः **सवारीसाधनको विवरणः** कम्पनीः टाटा मोटर्स, भारत किसिमः EV निजी कार मोडलः NEXON EV XZ+ LUX सवारी दर्ता नंः वा.प्र.-०१-०२८ च १९८२ बनेको सालः २०२२ च्यासिस नं : MAT635013NLJ10908 इन्जिन नं : TZ230XS56FJ22050305
६.	ओभरड्राफ्ट सुविधा	**ऋणीको नामः क्लोथ हाउस** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, विराटनगरमा दर्ता रहेको) दर्ता नं. ३१३३५/०७५/७६, दर्ता मितिः २०७५।०५।०७ स्थायी लेखा नं.: ६०७४३३९७७ ठेगानाः मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ७। **प्रोप्राईटर :** **कुन्दन सहनी** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ०५-०१-७०-१४०१३ (२०७०/०२/२०/मोरङ) बाजेको नामः जय राम सहनी बाबुको नामः बैजनाथ सहनी ठेगानाः मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ७। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. वैजनाथ सहनी** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ज.०५३०७२/२७ (२०६३/१२/२६/मोरङ) बाजेको नामः महावीर सहनी बाबुको नामः जय राम सहनी ठेगानाः मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ६। **२. विजय सहनी** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ज.१४४ (२०६४/०२/१८/मोरङ) बाजेको नामः जय राम सहनी बाबुको नामः बैजनाथ सहनी ठेगानाः मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ६। **३. संजित सहनी** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ज.१४३ (२०६४/०२/१८/मोरङ) बाजेको नामः जय राम सहनी बाबुको नामः बैजनाथ सहनी ठेगानाः मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ६। **४. राहुल सहनी** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ०५-०१-७०/१४०१४ (२०७०/०२/२०/मोरङ) बाजेको नामः जय राम सहनी बाबुको नामः बैजनाथ सहनी ठेगानाः मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ६। **५. राज कुमारी सहनी** ना.प्र.प.नं. (जारी मिति/स्थानः) ८५५० (२०६४/०२/२१/मोरङ) बाबुको नामः रामचन्द्र सहनी ससुराको नामः जय राम सहनी पतिको नामः बैजनाथ सहनी ठेगानाः मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ६।	महावीर सहनीको नाति, जय राम सहनीको छोरा, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ६ बस्ने **बैजनाथ सहनी**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ७ स्थीत कि.नं. २९५ को क्षेत्रफल १०३.५० व.मी. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ९ फागुन ०८०

साढे पाँच वर्षमा प्रतिबद्धताको ७.२०% मात्रै भित्रियो एफडिआई

०७५/७६ यता १२ खर्ब १९ अर्ब एफडिआई स्वीकृत, तर भित्रियो ८८ अर्ब मात्रै

नवीन अर्याल र मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) आप्रवाह अत्यन्तै निराशाजनक देखिएको छ। पछिल्लो साढे पाँच वर्षमा उद्योग विभाग र लगानी बोर्डले स्वीकृत गरेको कुल एफडिआईमध्ये ७.२० प्रतिशत मात्र वास्तविक रूपमा भित्रिएको तथ्यांक छ।

आर्थिक वर्ष ०७५/७६ यता विभिन्न देशका लगानीकर्ताबाट १२ खर्ब १९ अर्ब सात करोड रुपैयाँ विदेशी लगानी स्वीकृत भएको छ। तर, वास्तविक रूपमा ८७ अर्ब ७६ करोड मात्रै भित्रिएको राष्ट्र बैंकको तथ्यांक छ। यो अवधिमा लगानी बोर्डबाट १० खर्ब १३ अर्ब १६ करोड र उद्योग विभागबाट दुई खर्ब ६ करोड विदेशी लगानीको प्रस्ताव स्वीकृत गरिएको छ। विदेशी लगानीलाई सहजीकरण गर्ने प्रधानमन्त्री, मन्त्रीहरू, सचिवकै प्रतिबद्धताले पनि लगानीकर्ता आश्वस्त हुन नसकेको राष्ट्र बैंकले प्रकाशित गरेको एफडिआईको आँकडाले देखाउँछ। अधिकतम ६ अर्ब लगानी र दुई सय मेगावाटसम्मका जलविद्युत् आयोजनाको लगानी स्वीकृत उद्योग विभागबाट र त्यसभन्दा माथिको लगानी बोर्डले स्वीकृत गर्दै आएको छ। उद्योग विभागले उद्योगसम्बद्ध र लगानी बोर्डले परियोजनामा आउने लगानी स्वीकृत तथा सहजीकरण गर्दै आएको उद्योग मन्त्रालयका सहसचिव जीवलाल भुसालले बताए।

सरकारले विदेशी लगानीकर्ताको आत्मविश्वास बढाउन नसकेका कारण सोचेजति वैदेशिक लगानी नभित्रिएको राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाको भनाइ छ। नेपालमा लगानी गर्ने भनेर हौसिएर आएका लगानीकर्ता यहाँको नीतिगत र प्रशासनिक झन्झटले आजित भएर फर्किंदा प्रतिबद्धताबमोजिमको लगानी नभित्रिने गरेको उनको तर्क छ। 'नेपालमा विदेशी लगानी प्रतिबद्धता धेरै आइरहेको हुन्छ, तर वास्तविक आप्रवाह अत्यन्तै कम छ,' थापाले भने, 'विदेशी लगानीकर्ताले लगानीको स्वीकृति लिइसकेपछि उद्योग दर्तादेखि जग्गा प्राप्ति गर्न, स्थानीय अवरोध छिचोल्न, प्यान कार्ड लिन, भ्याटमा दर्ता हुन, बैंकमा खाता खोल्न धेरै झन्झट व्यहोर्नुपर्छ। यसमा लगानीकर्ताको धेरै समय बित्छ र आफैं निरुत्साहित भएर फर्किन्छन्।'

कतिपय लगानीकर्ता नीतिगत र प्रक्रियागत झन्झटका कारण पनि फर्किएको हुन सक्ने सहसचिव भुसालको भनाइ छ। 'नीतिगत सुधार धेरै भइसकेको छ। तर, प्रक्रियागत झन्झट अझै छ। जग्गा प्राप्ति र इआइएका कारण लगानीकर्तालाई केही ढिलाइ भएको छ। सरकारले मागेजति जग्गा उपलब्ध गराउन सकेको छैन। किन्न पनि निकै महँगो छ। त्यो पनि लोकेसनमा नपाउन सक्छ,' उनले भने, 'सरकारका निकायहरूकै पोलिसीमा एकरूपता छैन, एउटा निकायले दिएको सेवा-सुविधा अर्को निकायबाट कटौती हुने अवस्था छ। सरकारले नीतिगत र प्रक्रियागत झन्झट समाधान गर्न त्यसैअनुरूप काम गर्दै छौं। लगानी सहजीकरण गर्न लगानीसम्बद्ध विभिन्न १० वटा कानुन परिमार्जन हुँदै छन्।'

झन्झटिलो प्रक्रियाले लगानीकर्ता फर्कन्छन्

● **नरबहादुर थापा**, अर्थविद्



नेपालमा उद्योग स्थापना, सञ्चालनदेखि लाभांश लैजान प्रक्रियागत झन्झट छ। यहाँ अझै लाइसेन्सराज छ। जसले गर्दा लगानीकर्ता अन्य देशतिर लाग्छन्। कुनै उद्योग-व्यवसाय सुरु गर्दा १४ ठाउँमा ठोक्किनुपर्छ। सरकारले लगानीकर्तालाई सुविधा दिन भन्दै एकल विन्दु सेवा केन्द्र खोलेको छ। तर, त्यसले काम गरेको छैन। नेपालको डुइङ बिजनेसका १० वटा क्षेत्रमा अझै सुधार भएको छैन। उद्योग दर्ता गर्न मात्र होइन, कर तिर्न पनि सहज छैन।

लगानी एकमुस्ट रूपमा आउने होइन

● **सुशील भट्ट**, सिइओ, लगानी बोर्ड नेपाल



परियोजनाको विस्तृत अध्ययन नहुँदै र भएपछि हुने लगानी स्वीकृति तथा प्रतिबद्धतामा फरक पर्छ। तसर्थ, हामीले लगानी स्वीकृतभन्दा पनि सम्झौतालाई बलियो आधार मान्छौं। सोही पक्षलाई दृष्टिगत गर्दै लगानी बोर्डले केही वर्षयता 'प्रोजेक्ट बैंक गाइडलाइन' कार्यान्वयनमा ल्याएको छ। त्यसले स्वीकृत तथा प्रतिबद्धताअनुसार लगानी भित्रिन सहयोग गर्छ भन्ने विश्वास छ। यद्यपि, लगानी एकैपटक एकमुस्ट रूपमा आउने होइन।

■ कुन वर्ष कति एफडिआई भित्रियो ?

पाँच वर्षमा आव ०७६/७७ मा सबैभन्दा धेरै एफडिआई प्रतिबद्धता र आव ०७७/७८ मा सबैभन्दा धेरै एफडिआई भित्रिएको देखिन्छ। आव ०७६/७७ मा तीन खर्ब ८० अर्बको लगानी प्रतिबद्धता र आव ०७७/७८ मा १९ अर्ब ९१ करोड रुपैयाँ वास्तविक रूपमा लगानी भित्रिएको छ। आव ०७५/७६ मा १६ अर्ब ६५ करोड, आव ०७६/७७ मा १९ अर्ब ६८ करोड, आव ०७८/७९ मा १९ अर्ब २२ करोड, आव ०७९/८० मा सात अर्ब ७७ करोड र आव ०८०/८१ को पहिलो ६ महिनामा चार अर्ब ५४ करोड रुपैयाँ वास्तविक एफडिआई भित्रिएको राष्ट्र बैंकले जनाएको छ।

पाँच वर्षमा स्वीकृत र भित्रिएको एफडिआई (रु. १० लाखमा)

आव	स्वीकृत एफडिआई	भित्रिएको एफडिआई
०७५/७६	७१६१०.००	१६६४७.३
०७६/७७	३७९९९७.००	१९६७८.५
०७७/७८	१६७९८५.००	१९९०९.४
०७८/७९	१७२११९.००	१९२१९.
०७९/८०	२०६२५९.००	७७६८.६
०८०/८१ ६ महिना	२२१०९६.००	४५३७.३

आव ०७५/७६ देखि चालू आवको पुस मसान्तसम्म नेपालमा सञ्चालित विदेशी लगानीका कम्पनीहरूले कुल ६ अर्ब ६५ करोड रुपैयाँ रिप्याट्रिएसन लगेको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ। यो रकम नेपाल भित्रिएको कुल एफडिआईको ७.५८ प्रतिशत हो। विदेशी लगानीका कम्पनीहरूले आव ०७५/७६ मा तीन अर्ब ५८ करोड, आव ०७६/७७ मा २० करोड, आव ०७७/७८ मा ४० करोड, आव ०७८/७९ मा ६६ करोड, आव ०७९/८० मा एक अर्ब ८१ करोड र आव ०८०/८१ को ६ महिनामा ७८ लाख रुपैयाँ रिप्याट्रिएसन लगेका छन्।

■ ६ महिनामा साढे चार अर्ब भित्रियो

चालू आवको ६ महिनामा चार अर्ब ५४ करोड रुपैयाँ मात्र विदेशी लगानी भित्रिएको छ। गत आवको यसै अवधिसँग तुलना गर्दा यो लगानी ७७.५ प्रतिशतले बढी देखिन्छ। तर, आव ०७८/७९ को तुलनामा भने ६१ प्रतिशतले कम रहेको हो। गत आव ०७९/८० को ६ महिनामा दुई अर्ब ५६ करोड र आव ०७८/७९ मा ११ अर्ब ६० करोड रुपैयाँ विदेशी लगानी भित्रिएको राष्ट्र बैंकको तथ्यांक छ।

चालू आवको ६ महिनामा उद्योग विभागले दुई सय २६ उद्योग तथा परियोजनाको २२ अर्ब ३३ करोड ६५ लाख रुपैयाँ विदेशी लगानी स्वीकृत भएको छ। तर, यही अवधिमा वास्तविक रूपमा चार अर्ब ५४ करोड रुपैयाँ मात्र विदेशी लगानी भित्रिएको राष्ट्र बैंकको तथ्यांक छ।

बैंकको निक्षेप सुरक्षित छ : राष्ट्र बैंक

काठमाडौं/ बैंकिङ क्षेत्रको नियामक निकाय नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थामा रहेको सर्वसाधारणको पैसा (निक्षेप) पूर्ण रूपमा सुरक्षित भएको बताएको छ। राष्ट्र बैंकले मंगलबार सार्वजनिक सूचना प्रकाशन गर्दै बैंकिङ क्षेत्र सक्षम र सबल रहेको पनि स्पष्ट पारेको छ। हरेक समय बैंकिङ कारोबारको नियमित निगरानी गरिरहेकाले सर्वसाधारणको पैसा जोखिममा नपर्ने राष्ट्र बैंकको भनाइ छ।

पछिल्लो समय केही व्यक्ति तथा समूहले बैंकमा सर्वसाधारणको पैसा असुरक्षित भएको जिकिर गर्दै भ्रामक अभिव्यक्ति र दुष्प्रचार गरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको राष्ट्र बैंकले जनाएको छ। यसअघि सोमबार पनि बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल, नेपाल बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपाल, नेपाल वित्तीय संस्था संघ र नेपाल लघुवित्त बैंकर्स संघलगायत संस्थाले पनि बैंक तथा वित्तीय संस्था सुरक्षित भएको बताएका थिए।

अहिले बैंक तथा वित्तीय संस्थामा कुल ६१ खर्ब ६० अर्ब निक्षेप छ। त्यसमा सर्वसाधारण (व्यक्तिगत)को मात्रै ३८ खर्ब रुपैयाँ निक्षेप छ। त्यो पैसा सुरक्षित भएको राष्ट्र बैंक तथा बैंकिङ क्षेत्रसँग सम्बन्धित संस्थाहरूले बताएका छन्।

यस्तै, राष्ट्र बैंकले बैंकिङजस्तो संवेदनशील क्षेत्रप्रति सर्वसाधारणलाई भ्रमित गर्न दुष्प्रचार गर्ने कार्यको पछाडि नलागी ढुक्कसँग बैंकिङ कारोबार गर्न आग्रहसमेत गरेको छ। 'बैंकिङ क्षेत्र अर्थ व्यवस्थाको मेरुदण्ड हो। अर्थतन्त्रको दिगो विकासमा सहयोग पुऱ्याउन मूल्य र शोधनान्तर स्थिरता कायम गर्दै समग्र बैंकिङ क्षेत्रको स्थायित्व कायम गरी सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न राष्ट्र बैंकलाई कानुनले स्पष्ट जिम्मेवारी दिएको छ,' राष्ट्र बैंकको सूचनामा भनिएको छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुतलीसडक, काठमाण्डौको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/११/०९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुतलीसडक, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० फागुन १६ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय पुतलीसडक, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताहरूको विवरण
